**मजदुर विज्ञापन शाखा**
नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५

**विज्ञापनको लागि सूचना**

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।
भाइबर नं. : ९७४४४२४४६५
Gmail : majdurdailybigyapan@gmail.com

मजदुर
The Worker Daily दैनिक

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

**बिल–बिजकको प्रयोग अनिवार्य गरौं।**

- हरेक खरिदमा अनिवार्य रूपमा बिल/रसिद मागौं,
- कानुनी रूपमा मान्य बिल–बिजक जारी गरौं,
- बिल बिना कारोबार नगर्ने/नगराउने बानी बसालौं,
- कर प्रणालीलाई पारदर्शी र व्यवस्थित बनाउन सहयोग गरौं,
- उपभोक्ता अधिकार संरक्षणका लागि बिल सुरक्षित राखौं,
- कर छलि र अनियमितता अन्त्य गर्न सचेत बनौं,
- डिजिटल बिलिङ प्रणालीको प्रयोग बढाऔं,
- जिम्मेवार नागरिक भई इमानदारीपूर्वक कारोबार गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

★ वर्ष : २८ ★ अङ्क : १२६ ★ ने. सं. ११४६ अनला थ्व, त्रयोदशी ★ शुक्रबार ★ १५ जेठ, २०८३ ★ May 29, 2026, Friday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

## राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदनबारे निर्णयको अंश – १

तत्कालीन प्रधानमन्त्री केपी ओली नेतृत्वको सरकारले २०८२ भदौ १२ गते सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिका, २०८० ले दिएको अधिकार प्रयोग गर्दै आमसर्वसाधारण र नवयुवा (जेनजी) हरू समेतले व्यापक प्रयोग गरिरहेको सामाजिक सञ्जालमा प्रतिबन्ध लगाएपछि पारदर्शिता तथा सुशासनको माग राखी २०८२ भदौ २३ गते काठमाडौंको माइतिघरमा प्रदर्शन सुरु गरेको देखिन्छ । सो विरोध प्रदर्शनको निम्ति 'हामी नेपाल' संस्थाका सुधन गुरूङ, अङ्कित मल्ल, खेमराज साउद, सबल गौतम र पुरूषोत्तम यादवसमेतको टोलीले संयुक्त निवेदन जिल्ला प्रशासन कार्यालय काठमाडौँमा दर्ता गरी प्रमुख जिल्ला अधिकारीलाई प्रदर्शन शान्तिपूर्ण हुने विश्वास दिलाएको देखिन्छ ।

उक्त आन्दोलनमा सामाजिक सञ्जालमाथिको प्रतिबन्ध फुकुवा, भ्रष्टाचारविरूद्ध सुशासन कायमजस्ता माग राख्ने नवयुवा (जेनजी) हरूको मात्रै संलग्नता थियो कि गलत मनसाय राखेर आन्दोलन हाइज्याक गर्ने उद्देश्यका साथ आएका गलत तत्त्वहरूको पनि संलग्नता थियो ? जेनजी प्रदर्शनका आह्वानकर्तासमेतका केही व्यक्तिले Wake up Nepal नामक टिकटक अकाउन्टबाट २०८२ भदौ २३ गतेभन्दा पहिले नै "Anything could happen in tomorrow's protest, so be ready with a Molotov cocktail…" भन्दै ७ सेप्टेम्बर २०२५ मा नै मोलोटोभ ककटेल (पेट्रोल बम) बनाएर आउनको लागि आह्वान गरेको, संसद् भवन, सिंहदरबारलगायत सार्वजनिक संरचना जलाइएको वा विध्वंस गरिएको एआई निर्मित फोटो/भिडियोहरू सो प्रदर्शनपूर्व नै सामाजिक सञ्जालमा साझा भएको तथ्य र परिस्थितिको विश्लेषण गर्दा २०८२ भदौ २३ गतेको विरोध प्रदर्शन शान्तिपूर्ण रूपमा गर्ने भन्ने एउटा समूह र अनलाइनमा विध्वंसात्मक बनाउने भन्ने अर्कोसमेत २ समूहले तयारी गरिरहेको सञ्चार माध्यम र छलफल बयानको क्रममा खुल्न र पुष्टि हुन आएको देखिन्छ ।

नेपाल प्रहरीको नक्कली (फेक) फेसबुक पेज बनाइ सो पेजमार्फत जेनजी समूहलाई "प्रदर्शनमा विद्यार्थी पोशाकमा आए नेपाल प्रहरीले बल प्रयोग गर्न नसक्ने हुनाले सबैजना विद्यालय पोशाकमा आउनू" भनी आह्वान गरेको देखिन्छ ।

२०८२ साल भदौ २३ गते लगभग ९ बजेतिर जेनजीका अगुवा भनिने आह्वानकर्ताहरू रक्षा बम, जस्मिन ओझालगायतका समूह पुगेपछि 'हामी नेपाल' का सुधन गुरुङले टेन्ट, स्वयम्सेवकहरूको व्यवस्था, ३ वटा एम्बुलेन्स र माइकिङ व्यवस्था गरेको देखेर रक्षा बम, जस्मिन ओझालगायतका समूहहरूले सुधन गुरुङसँग केही समय विवाद गरी सुधन गुरुङलाई प्रदर्शनबाट फर्कनसमेत आग्रह गरेको देखिन्छ । माइतीघर मण्डलामा शान्तिपूर्ण प्रदर्शन गर्ने भनी जम्मा भएका प्रदर्शनकारी नयाँ बानेश्वरतर्फ प्रहरीको ब्यारिकेड तोड्दै किन र कसको नेतृत्वमा गए ? शान्तिपूर्ण प्रदर्शन सुरु हुनुअगावै प्रदर्शन स्थलमा प्राथमिक उपचारको लागि टेन्ट, स्वास्थ्य स्वयम्सेवकहरू, ३ वटा एम्बुलेन्सको व्यवस्था किन गर्नुपर्‍यो ? जिल्ला प्रशासन कार्यालयबाट प्रदर्शनको अनुमति लिने निवेदकहरूले स्पष्ट ठोस जवाफ दिन सकेको पाइएन ।

प्रहरीको ब्यारिकेड तोडेर बानेश्वर हुँदै संसद् भवनतर्फ अगाडि बढेपछि प्रदर्शन उत्तेजक र हिंसात्मक भएको, गलत तत्त्वको घुसपैठ भएको भन्ने मिसिल संलग्न सुरक्षाफौजका पदाधिकारीहरूको बयानबाट देखिन्छ । गलत तत्त्वको घुसपैठ भएको भन्ने थाहा पाएका आयोजकहरूले त्यस्तो घुसपैठ रोक्नको लागि के कस्तो प्रयास वा कृयाकलाप गरे ? भन्ने पनि कहीं कतैबाट खुल्दैन ।

***बाँकी पृष्ठ ८ मा***

## भक्तपुर र अन्य जिल्लामा अध्ययन गर्दाको आर्थिक, सामाजिक, शैक्षिक र समयको तुलना गर्नु आवश्यक छ




भक्तपुर, १४ जेठ । गणेश माध्यमिक विद्यालयका एसईई २०८२ का विद्यार्थीहरूलाई सम्मान, बधाई एवम् परामर्श तथा नवआगन्तुक विद्यार्थीहरूलाई बिहीबार स्वागत कार्यक्रम गरियो ।

उक्त कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले परिवार, समाज, व्यक्ति अनि विश्वका देशहरू शिक्षाकै कारणबाट विकास सम्भव भएको हो भन्नुभयो । भक्तपुरलाई ज्ञान विज्ञानको केन्द्र, शिक्षा तथा पर्यटन केन्द्रको रूपमा विकास गरिरहेको हुँदा विभिन्न जिल्लाका जनताको निम्ति भक्तपुर आकर्षण केन्द्र बनिरहेको उल्लेख गर्दै उहाँले भक्तपुर र अन्य जिल्लामा अध्ययन गर्दाको आर्थिक, सामाजिक, शैक्षिक र समयको तुलना गर्नु आवश्यक छ भन्नुभयो ।

उहाँले भक्तपुर नपाले शिक्षा, स्वास्थ्य र रोजगारीमा नयाँ पुस्तालाई अवसर प्रदान गर्न उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीलाई रु. ५ लाखसम्मको शैक्षिक ऋण र व्यवसायीहरूलाई सोहीअनुसार ऋणको व्यवस्था गरिरहेको उल्लेख गर्नुभयो ।

प्रत्येक मानिसमा कानुनको ज्ञान जरुरी भएकोले कानुन विषयको अध्ययन गर्न सल्लाह पनि उहाँले दिनुभयो ।

समाजसेवी, विद्यालयका सहयोगी एवम् विद्यालय व्यवस्थापन समितिका सदस्य कृष्णबहादुर दुगुजुले विद्यालयको इतिहास र अग्रजहरूले विद्यालयको शिक्षा विकासको निम्ति शैक्षिक, भौतिक र नैतिक रूपमा सहयोग गरिरहेको विचार व्यक्त गर्नुभयो ।

विद्यालयका प्रधानाध्यापक गणेशराम थुसाले विद्यालयको प्रतिवेदन प्रस्तुत गर्दै स्वागत गर्नुभयो ।

कक्षा १० का सृष्टि मानन्धरले नवआगन्तुक विद्यार्थीलाई स्वागत र एसईई - ०८२ का विद्यार्थीलाई बधाई एवम् शुभकामना व्यक्त गर्नुभयो ।

कक्षा ९ का नयाँ विद्यार्थी दिप्सिना श्रेष्ठले विद्यालयको शैक्षिक वातावरणबारे बताउनुभयो ।

प्रमुख अतिथि प्रजापतिले एसईई उत्तीर्ण विद्यार्थीहरूलाई सम्मान-पत्र प्रदान गर्नुभयो भने नयाँ विद्यार्थीलाई उपहार प्रदान गर्नुभयो ।

विद्यालयमा जेहेनदार विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गर्न समाजसेवी जयन्त पौडेलले पाँच लाख अक्षकोष प्रदान गर्नुभएकोमा उहाँलाई सम्मान स्वरूप प्रशंसापत्र प्रदान गरियो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवम् भनपा वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्रीको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा उहाँले विद्यालय भवन अपुग भएकोले विगतमा अग्रज र नपाबाट सहयोग भइरहेको उल्लेख गर्दै एसईई उत्तीर्ण विद्यार्थीलाई बधाई र नवआगन्तुक विद्यार्थीहरूलाई स्वागत गर्नुभयो ।

कार्यक्रममा शिक्षिका सुशीला न्याईच्याईले पनि बोल्नुभएको थियो । कार्यक्रममा कक्षागत सांस्कृतिक प्रस्तुति पनि प्रस्तुत गरिएको थियो ।

## आक्रमणकारी अमेरिकाको इरानमाथि युद्धविराम उल्लङ्घनको आरोप

तेहरान, १४ जेठ (प्रेस टीभी) । मध्यपूर्व युद्ध सुरू भएको तीन महिनापछि बिहीबार इरानमाथि टोमाहक क्रुज मिसाइलले आक्रमण गरेको संयुक्त राज्य अमेरिकाले इरानमाथि जारी युद्धविराम उल्लङ्घन गरेको आरोप लगाएको छ ।

पछिल्लो आरोप अमेरिका र इरानबिच अप्रिल ८ मा युद्धविराम सुरू भएपछिको सबैभन्दा गम्भीर आरोप हो । यसले युद्ध अन्त्यका लागि जारी वार्ता प्रयासलाई नराम्ररी प्रभावित पारेको छ । अमेरिकाको सहयोगी कुवेतले इरानले तनावलाई 'खतरनाक वृद्धि' तर्फ धकेलेको आरोप लगाएको छ । इरानमाथिको मिसाइल हमला कुवेतमा रहेको अमेरिकी सैनिक आधारबाट गरेको थियो र इरानले त्यही आधारमा प्रत्याक्रमण गरेको थियो ।

त्यस्तै बिनाअनुमति स्ट्रेट अफ हर्मुज पार गर्न खोज्ने चारवटा जहाजमाथि इरानी सेनाले गोली चलाएको इरानी सरकारी प्रसारक आइआरआइबीले बिहीबार जनाएको छ । इरानले युद्ध सुरू भएदेखि अर्थात् फेब्रुअरी २८ देखि नै जलमार्गमा नाकाबन्दी गर्दै आएको छ ।




अमेरिकी सेनाले भनेको छ, "आफ्नो समूहले हर्मुज र वरपरका पाँचवटा ड्रोनहरूको आक्रमण र बन्दर अब्बासको दक्षिणी बन्दरगाह क्षेत्रको भू-नियन्त्रित स्टेसनबाट छैटौं आक्रमणलाई रोकेको थियो ।

बन्दर अब्बासमा भएको आक्रमणले इरानलाई 'आक्रमणको स्रोतको रूपमा रहेको अमेरिकी सैन्य हवाई अड्डा'लाई निशाना बनाउन प्रेरित गरेको इरानको रिभोलुसनरी गाड्र्सलाई उद्धृत गर्दै आइआरआइबीले लेखेको छ ।

आईआरजीसीले सैन्य आधार कहाँ छ भनेर स्पष्ट पारेको छैन, तर अमेरिकी सेनालाई आफ्नो भूमिमा शिविर राख्न दिएको कुवेतले आफ्नो हवाई प्रतिरक्षाले आक्रमणको जवाफ दिएको बताएको छ ।

कुबेतको विदेश मन्त्रालयले भने 'कुवेतको भूमिलाई लक्षित गरी मिसाइल र ड्रोनद्वारा गरिएको आपराधिक आक्रमणको निन्दा गर्दै यसले खाडी क्षेत्रमा खतरनाक द्वन्द्वको वृद्धि गरेको बताएको थियो ।

पहिले आफैले आक्रमण थालेको अमेरिकी सेन्ट्रल कमान्डले इरानी प्रत्याक्रमणलाई 'युद्धविराम उल्लङ्घन' भनेको छ ।

इरानको विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बघाईले तेहरानले 'आफ्नो राष्ट्रिय सम्प्रभुताको रक्षाका लागि सबै आवश्यक उपायहरू अवलम्बन गर्ने' बताउनुभएको छ ।

अमेरिकी अधिकारीले पत्रकारहरूसँग युद्धविरामको रक्षा गर्ने उद्देश्यले इरानमा कारबाही गरिएको हास्यास्पद तर्क गरेका छन् ।

इरानको आईआरजिसीले बिहीबार थप आक्रमण भएको खण्डमा 'कडा प्रतिक्रिया' दिने चेतावनी दिएको छ ।

यस भिडन्तले द्वन्द्वलाई औपचारिक रूपमा अन्त्य गर्ने उद्देश्यका साथ भइरहेको वार्ताको अनिश्चिततालाई सङ्केत गरेको छ । यद्यपि, कुनै पनि पक्ष पूर्ण युद्धमा फर्कन उत्सुक देखिएका छैनन् ।

बिहीबारको हमलाअघि इरानको राजधानीमा रहेका २७ वर्षीय सफ्टवेयर डेभलपर आमिरले युद्धविराम र सम्झौताको चर्चाका बाबजुद नयाँ लडाइँको डर सधैं रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "मलाई लाग्छ, केही पनि निश्चित छैन । सर्वसाधारणको अहिले दैनिक प्रश्न के हुने गरेको छ भने के आज राति मिसाइल आक्रमण हुनेछ ?"

**व्यङ्ग्यचित्रको कुनो**





**नेपाली हाते कागज**

बारपाक सुलिकोट गाउँपालिका–१ बारपाकमा नेपाली हाते कागज प्रशोधनसम्बन्धी तालिममा सहभागी प्रशिक्षार्थीले उत्पादन गरेर घाममा सुकाउँदै गरेको नेपाली हाते कागज । बारपाक सुलिकोट गाउँपालिका र डिभिजन वन कार्यालय गोरखाको आयोजनामा बारपाकका स्थानीयवासीलाई तालिम प्रदान गरिएको हो ।

*तस्बिरः दीपक श्रेष्ठ/रासस*

# भनपा वडा नं. ३ मा स्वास्थ्य शिविर

भक्तपुर, १४ जेठ। भक्तपुर नगरपालिका वडा नं. ३ को आयोजना तथा ख्वप तिलगङ्गा आँखा अस्पताल र ख्वप अस्पतालको प्राविधिक सहयोगमा आँखा तथा नसर्ने रोगबारे बृहत् स्वास्थ्य शिविर भनपा ३ वडा कार्यालय वंशगोपालमा बिहीबार सम्पन्न भयो।

भनपाका उपप्रमुख रजनी जोशीद्वारा ख्वप तिलगङ्गा अस्पतालका डा. कृतिका जिसीलाई स्वास्थ्य सामग्री हस्तान्तरण गरी शुभारम्भ भएको उक्त कार्यक्रममा अतिथि जोशीले भनपाले नगरवासीहरूको स्वास्थ्यलाई मध्यनजर गरी समय समयमा विभिन्न रोगहरूबारे स्वास्थ्य शिविर सञ्चालन गरिरहेको बताउनुभयो।

आफ्नो नगरका जनता स्वस्थ भएमात्र हाम्रो आफ्नो संस्कृति, सम्पदा जोगाउन सक्ने उल्लेख गर्दै उहाँले हाम्रो सभ्यता, संस्कृति, सम्पदा, सत्कार, भाषा, चाड पर्व हाम्रो पहिचान हो भन्नुभयो।

हामीले नयाँ पुस्तालाई व्यवहारिक एवं नैतिक शिक्षा दिएर सभ्य नागरिक बनाउन सचेत भई खानपानमा ध्यान दिनुपर्छ, उपप्रमुख जोशीले भन्नुभयो।

भनपा ३ नं. वडाका वडाध्यक्ष राजकृष्ण गोराको सभापतित्वमा भएको उक्त कार्यक्रममा कार्यपालिका सदस्य सुनिता अवालले पनि बोल्नुभएको थियो।

उक्त शिविरमा २९५ महिला पुरुषहरूले आँखा तथा नसर्ने रोगको परीक्षण गराएका थिए। कार्यक्रममा वडाका नर्स, महिला स्वास्थ्यसेविका एवं वडाका महिलाहरूले सहयोग गरेका थिए।

# पन्ध्र लाख ९० हजार हेक्टरमा पुग्यो सिँचाइ सुविधा

काठमाडौँ, १४ जेठ। सरकारको प्रभावकारी व्यवस्थापनका कारण मुलुकभित्र क्रमशः सिँचाइयोग्य क्षेत्रफल विस्तार हुँदै गएको छ।

अर्थ मन्त्रालयले सार्वजनिक गरेको चालु आवको मन्त्रालयगत प्रगति विवरणअनुसार ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयले सङ्घीयस्तरमा सञ्चालन गरेका आयोजनाबाट सिँचाइ सुविधा १५ लाख ९० हजार ३८८ हेक्टरमा पुगेको छ।

सिँचाइयोग्य भूमिमध्ये पाँच लाख ३२ हजार ६५५ हेक्टरमा वर्षभर नै सिँचाइ सुविधा उपलब्ध भएको छ। वर्षभरि नै सिँचाइ सुविधा उपलब्ध गराउनका लागि सरकारले केही ठूला र महत्त्वपूर्ण आयोजनाहरू अगाडि बढाएको छ।

मन्त्रालयका अनुसार, भूमिगत सिँचाइ आयोजनाबाट पाँच लाख ४६ हजार ४४८ हेक्टर सिञ्चित क्षेत्रफल विस्तार भएको छ।

लिफ्ट र जलाशय सिँचाइ कार्यक्रमबाट छ हजार ८८ हेक्टर सिञ्चित क्षेत्रफल विस्तार भएको छ। ठूला तथा मझौला नदीमा एक हजार ५१८ किमी तटबन्ध निर्माण साथै तटबन्ध निर्माणबाट जम्मा १३ हजार ८९१ हेक्टर जग्गा उकास भएको छ।

भूमिगत सिँचाइ आयोजनाबाट १० लाख ३७ हजार ८४८ हेक्टर सिञ्चित क्षेत्रफल विस्तार भएको छ। जल तथा मौसम विज्ञान विभागतर्फ १९२ जलमापन केन्द्र र ३५५ मौसममापन केन्द्र स्थापना र सञ्चालन भएको छ।

नदी कटान डुबान तथा पहिरोको जोखिम व्यवस्थापनका लागि महाकाली, कर्णाली, नारायणी, कोसीलगायतका ठूला नदीमा नदी नियन्त्रण कार्यक्रमका लागि चालु आवमा रु. पाँच अर्ब ५९ करोड विनियोजन गरिएको छ।

सोमध्ये महकाली–दार्चुला, कर्णाली, नारायणी, बबई भादा औरही, खाँडो, त्रियुगा, कोसी बक्राहालगायतका नदीमा एक हजार ४९४ दशमलव ७१ किलोमिटर तटबन्ध निर्माण भएको छ।

चालु आवको फागुन मसान्तसम्म १५ वटा जोखिमयुक्त बजारको संरक्षण एवं बचावटका कार्यहरू जारी रहेको मन्त्रालयले जनाएको छ। जोखिमयुक्त पहिरो पहिचान गरी अध्ययन तथा अनुसन्धान गरी विभिन्न ५३ स्थानमा पहिरो व्यवस्थापन कार्य जारी छ। त्यस्तै, १२ वटा बेसिन गुरुयोजना तयार गरी तीन हजार १६४ वटा लिफ्ट सिँचाइ विस्तार भएको छ।

दुई हजार ५५७ हेक्टर सतह सिँचाइको मर्मतसम्भार भएको छ भने १७४ हेक्टर नयाँ सतह सिँचाइ प्रणाली विस्तार भएको छ। **रासस**

# पैतालीस सार्वजनिक संस्थानमध्ये अधिकांश कमजोर

काठमाडौँ, १४ जेठ। सरकारले सार्वजनिक गरेको 'सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा प्रतिवेदन २०८३' ले देशका सार्वजनिक संस्थानहरूको अवस्था मिश्रित रहेको देखाएको छ।

आर्थिक वर्ष २०८१/८२ को अन्त्यसम्म देशमा कूल ४५ सार्वजनिक संस्थानमध्ये छ वटा निष्क्रिय रूपमा अस्तित्वमा रहेको तर छ संस्थान कानुनी रूपमा कायम रहेर पूर्णरूपमा निष्क्रिय रहेका प्रतिवेदनमा उल्लेख छ। अर्थ मन्त्रालयले बुधबार सार्वजनिक गरेको प्रतिवेदनअनुसार शेयर पुँजीमा ५० प्रतिशतभन्दा बढी सरकारी नियन्त्रण रहेका र वस्तु तथा सेवाको उत्पादन तथा वितरण गर्ने उद्देश्यले स्थापना गरिएका निकायलाई सार्वजनिक संस्थानका रूपमा वर्गीकृत गरिएको छ।

कार्य प्रकृतिका आधारमा औद्योगिक क्षेत्रमा १०, वित्तीय क्षेत्रमा १०, सेवा क्षेत्रमा ११, व्यापारिक क्षेत्रमा चार, सामाजिक क्षेत्रमा पाँच तथा जनोपयोगी क्षेत्रमा पाँच संस्थान रहेका छन्। जनकपुर चुरोट कारखाना लिमिटेड, नेपाल मेटल कम्पनी लिमिटेड, नेपाल ओरियण्ट म्यागनेसाइट प्राइभेट लिमिटेड, बुटवल धागो कारखाना लिमिटेड, नेपाल इन्जिनियरिङ कन्सल्टेन्सी सेवा केन्द्र र नेसनल कन्स्ट्रक्सन कम्पनी नेपाल लिमिटेड गरी छ संस्थान कानुनी रूपमा अस्तित्वमा भए पनि कुनै व्यावसायिक गतिविधि सञ्चालनमा छैनन्।

नेपाल इन्जिनियरिङ कन्सल्टेन्सी सेवा केन्द्र र नेसनल कन्स्ट्रक्सन कम्पनी नेपाल लिमिटेडबाट लामो समयदेखि वित्तीय विवरणसमेत प्राप्त नभएकाले विश्लेषणका लागि ४५ मध्ये ४३ संस्थानलाई मात्र प्रतिवेदनमा समावेश गरिएको छ।

उदयपुर सिमेन्ट उद्योग लिमिटेड, हेटौँडा सिमेन्ट उद्योग लिमिटेड र नेपाल औषधि लिमिटेड समीक्षा अवधिमा पूर्ण क्षमतामा सञ्चालन भएका छैनन्। नेपाल पूर्वाधार निर्माण कम्पनीले अझै पूर्ण व्यावसायिक रूप लिन नसकेको तथा धौवादी फलाम कम्पनी लिमिटेड उत्पादनपूर्वको चरणमा छ।

सार्वजनिक संस्थानहरूले रणनीतिक पूर्वाधार निर्माण, बजार सन्तुलन, वित्तीय विकास, सामाजिक सुरक्षा तथा सङ्कट व्यवस्थापनमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएका छन्। निजी क्षेत्रको सम्भावित एकाधिकार, कृत्रिम अभाव, 'कार्टेलिङ, सिन्डिकेट' र कालोबजारी नियन्त्रण गरी बजार सन्तुलन कायम गर्न सार्वजनिक संस्थानले योगदान पुऱ्याएको सरकारको निष्कर्ष छ।

बैङ्क तथा वित्तीय क्षेत्रको विस्तार, स्रोत परिचालन र मूल्य स्थिरतामा सार्वजनिक संस्थानको भूमिका महत्त्वपूर्ण रहेको प्रतिवेदनमा उल्लेख छ। कर तथा लाभांशमार्फत सरकारी कोषमा संस्थानहरूले उल्लेखनीय योगदान गरेका छन्।

प्रतिवेदनअनुसार आर्थिक वर्ष २०८१/८२ सम्म अस्तित्वमा रहेका ४५ संस्थानमध्ये २० वटा नेपाल सरकारको पूर्ण स्वामित्वमा छन् भने २५ वटा संस्थानमा सरकार तथा सरकारी निकायको संयुक्त रूपमा ५० प्रतिशतभन्दा बढी स्वामित्व रहेको छ। बत्तीस वटा संस्थानमा सरकारको ९० प्रतिशतभन्दा बढी र ३६ वटा संस्थानमा ६० प्रतिशतभन्दा बढी शेयर स्वामित्व छ।

सामाजिक क्षेत्रका सबै पाँच संस्थान सरकारको पूर्ण स्वामित्वमा छन्। औद्योगिक क्षेत्रतर्फ दुग्ध विकास संस्थान, उदयपुर सिमेन्ट उद्योग, हेटौँडा सिमेन्ट उद्योग, जनकपुर चुरोट कारखाना र धौवादी फलाम कारखानामा सरकारको शतप्रतिशत लगानी छ।

सेवा क्षेत्रका नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी, नेपाल वायु सेवा निगम, नेपाल नागरिक उड्डयन प्राधिकरण, नेपाल रेल्वे कम्पनीलगायत संस्थानमा पनि सरकारको पूर्ण स्वामित्व छन्। जनोपयोगी क्षेत्रतर्फ नेपाल खानेपानी संस्थान र नेपाल विद्युत् प्राधिकरण सरकारकै पूर्ण स्वामित्वमा छन्।

वित्तीय क्षेत्रका संस्थानमा भने सरकारको पूर्ण स्वामित्व नरहेका प्रतिवेदनले देखाएको छ। राष्ट्रिय वाणिज्य बैङ्क लिमिटेडमा सरकारको ९९ दशमलव ९७ प्रतिशत स्वामित्व छ।

आर्थिक वर्ष २०८१/८२ मा सार्वजनिक संस्थानहरूको चुक्ता पुँजी दुई दशमलव ३८ प्रतिशतले वृद्धि भई रु. चार खर्ब ३७ अर्ब ८० करोड १२ लाख पुगेको छ। यद्यपि, कूल शेयर स्वामित्वमा सरकारको हिस्सा अघिल्लो वर्षको तुलनामा शून्य दशमलव २९ प्रतिशत बिन्दुले घटेर ९१ दशमलव ६८ प्रतिशतमा सीमित भएको छ। बाँकी आठ दशमलव ३२ प्रतिशत सेयर अन्य संस्थान तथा निजी क्षेत्रको छ।

क्षेत्रगत रूपमा सामाजिक क्षेत्रमा सरकारको शतप्रतिशत स्वामित्व छ भने सेवा क्षेत्रमा ९९ दशमलव ५४ प्रतिशत, व्यापारिक क्षेत्रमा ९९ दशमलव ८१ प्रतिशत, जनोपयोगी क्षेत्रमा ९८ दशमलव ८४ प्रतिशत र औद्योगिक क्षेत्रमा ९५ दशमलव ६७ प्रतिशत सरकारी स्वामित्व छ। वित्तीय क्षेत्रमा भने सरकारको स्वामित्व सबैभन्दा कम ६४ दशमलव ४१ प्रतिशत छ। **रासस**

# बकर इद (इदुल जोहा) मनाइयो

काठमाडौँ, १४ जेठ। मुस्लिम धर्मावलम्बीको दोस्रो महान् पर्व बकर इद (इदुल जोहा) बिहीबार देशभरका मस्जिदमा मनाइयो।

इदुल फित्र अर्थात् रमजान पर्वको ७० औँ दिनमा बकर इद मनाउने धार्मिक विधि छ। मुस्लिम धर्मावलम्बीले बिहीबार बिहानै स्नान गरी नजिकैको मस्जिद वा इदगाहमा गई सामूहिक नमाज पढ्ने परम्परा छ। नमाज पढिसकेपछि एकापसमा शुभकामना आदानप्रदान गर्ने गरिएको छ।

यस अवसरमा दरबारमार्गस्थित नेपाली जामे मस्जिद, काश्मिरी मस्जिदलगायत देशभरका मस्जिद र इदगाहमा मुस्लिम धर्मावलम्बीको भीड लाग्यो। हिजरी संवत्अनुसार १४३९ वर्ष पहिले अल्लाहको आदेशमा इब्राहिमले आफ्ना छोरा इस्माइल अलेह सलामलाई बलिदान गर्न तयार भएको सम्झनामा यो पर्व मनाउन थालिएको मुस्लिम आयोगका पूर्वअध्यक्ष निर्दोष अलीले जानकारी दिनुभयो।

मुस्लिम धर्म गुरु (मौलाना) रहमत अलीले ऐतिहासिक बकर इद पर्वको आधार बनेका इब्राहिमको वंशमा सन् ५७१ मा मक्कामा मोहम्मद सलल्ला जन्मिई निरन्तरता दिइएको बताउनुभयो। जसले यो पर्व एवं धर्मलाई पुस्तान्तर गर्न महत्त्वपूर्ण योगदान गर्दै हदिस नामक धर्मग्रन्थको रचना गर्नुभएको उहाँले उल्लेख गर्नुभयो।

"जुन ग्रन्थलाई हाल मुस्लिम धार्मिक विद्यालय (मदरसा)मा समेत अध्ययन अध्यापन गराइन्छ, मक्कामा जन्मिनुभएका सलल्ला ५३ वर्षको उमेरपछि मदिनामा सर्नुभएको इतिहास छ। त्यही सम्झनामा हाल पनि साउदी अरबमा पर्ने यी दुवै तीर्थस्थलमा ठूलो मेला लाग्ने गरेको छ," मौलाना अलीले भन्नुभयो।

पर्वका अवसरमा मक्कामदिना जानु शुभ मानिएअनुसार त्यहाँ जान गृह मन्त्रालयले आतेजाते विमान टिकटको व्यवस्था गरी हजयात्रा गराउने गरेको छ। मक्कामदिना जान नपाउने हजयात्रीले समेत घरघरमै बकर इद मनाउँछन्। यो पर्वको मुख्य उद्देश्य नै हजयात्रा हो। यस पर्वमा अल्लाहलाई खुसी पार्न मुस्लिम धर्मले जायज मानेका जनावरलाई कुर्बानी (बलि) दिन्छन्।

धार्मिक मान्यताअनुसार अल्लाहका नवी (दूत) इब्राहिम अलि सलामले ९० वर्षको उमेरमा पत्नी हाजराबाट प्राप्त गरेको सन्तान छोरा इस्माइललाई कुर्बानी गर्नुपर्ने आदेश प्राप्त भयो। जसलाई पालना गर्दा अल्लाह प्रशन्न भएर इस्माइलको कुर्बानी नभएर स्वर्ग (जन्नत) मा पालिएका दुम्बाको कुर्बानी भएको धार्मिक मान्यता छ। यसैकारण कुर्बानी गर्ने प्रचलनलाई कायम राखेको मुस्लिम धर्मावलम्बीको भनाइ छ।

निःसन्तान इब्राहिमले सन्तान प्राप्तिका लागि अल्लाहसँग मन्नत मागेका बताइन्छ। अल्लाहले सन्तान सुख दिए कुर्बानी गर्छु भन्ने इब्राहिमको प्रतिबद्धताअनुरूप अल्लाहले निजको परीक्षणस्वरूप सपनामा कुर्बानी गर्नुपर्छ भनेका मुस्लिम धर्मावलम्बीको विश्वास छ।

उहाँले धेरै जनावर कुर्बानी गर्दा पनि अल्लाह खुसी नभएपछि अन्तिममा आफ्ना सबैभन्दा प्यारा सन्तानलाई नै कुर्बानी गरी अल्लाहलाई राजी गर्न चाहेका किंवदन्ती छ। यस घडीमा उहाँको परीक्षण सफल सावित भएपछि कुर्बानी गर्ने स्थानमा मानिसको होइन त्यही जन्नतमा पालिएर आएका दुम्बाको कुर्बान (बलि) भएको बताइन्छ।

परम्पराअनुसार कुर्बानीको मासु तीन भागमा बाँडी वितरण गरिन्छ। एक भाग गरिब एवं विपन्न परिवारलाई, अर्को एक भाग आफ्ना इष्टमित्रलाई र तेस्रो भाग आफैँले खानुपर्ने मुस्लिम धार्मिक मान्यता छ। यसैअनुसार बिहीबार पहिलो दिनको बकर इद मनाइँदै छ।

मुस्लिम धर्मावलम्बीले शनिबारसम्म तीन दिन यो पर्व मनाउने जनाएको छ। तीनै दिन कुर्बानी गर्नुपर्ने मुस्लिम धर्मावलम्बीको विधि रहेको नेपाली जामे मस्जिदले जनाएको छ। यस अवसरमा सरकारले बिहीबार सार्वजनिक बिदासमेत दिएको छ। **रासस**

# महिनावारी चक्रबारे अभिमुखीकरणका साथै ब्रासलेट बनाएर वितरण

नेपालगञ्ज, १४ जेठ। १३ औँ अन्तर्राष्ट्रिय महिनावारी दिवसको अवसरमा आज नेपालगञ्जमा महिला तथा किशोरीहरूलाई महिनावारी चक्रबारे अभिमुखीकरण दिनुका साथै ब्रासलेट वितरण गरिएको छ।

एफकेबी यूकेको सहयोग तथा बास नेपालको आयोजनामा सञ्चालित नेपालमा बसोबास गर्ने महिला तथा किशोरीहरूलाई महिनावारी स्वच्छता तथा व्यवस्थापन परियोजनाले उक्त दिवसमा एक कार्यक्रमको आयोजना गरी महिला तथा किशोरीहरूलाई महिनावारी चक्रबारे अभिमुखीकरण प्रदान गर्नुका साथै ब्रासलेट बनाएर वितरण गरिएको हो।

अभिमुखीकरणमा परियोजना व्यवस्थापक रमिता शाह र शिक्षा पर्सन मीना घर्तिमगरले महिना चक्रबारे सहभागी महिला तथा किशोरीहरूलाई सहजीकरण गर्नुभएको थियो।

महिनावारी चक्रबारे अभिमुखीकरणपश्चात् सहभागीहरूलाई ब्रासलेट बनाउने तालिम दिइयो भने तालिमपश्चात् उनीहरूले बनाएका ब्रासलेट सहभागीहरूलाई वितरण गरिएको थियो। बास नेपालका निर्देशक हेमराज भट्टले सहभागीहरूलाई ब्रासलेट वितरण गर्नुभएको थियो।

## सङ्क्षिप्त समाचार

# ठगीको अभियोगमा छ जना पक्राउ

काठमाडौँ, १४ जेठ । वैदेशिक रोजगारीका नाममा रु. ९७ लाख ५८ हजार ठगी गरेको अभियोगमा छ जना पक्राउ परेका छन् ।

केन्द्रीय प्रहरी समाचारकक्षका अनुसार उदयपुरको रौतामाई गाउँपालिका-४ का रामबहादुर आलेमगर, लहान नगरपालिका-६ का आशिष कार्की, टोखा नगरपालिका-४ का लोकबहादुर श्रेष्ठ, सोही नगरपालिका-३ की तुलसा पुनमगर, तानसेन नगरपालिका-७ का कृष्णप्रसाद पोखरेल र चन्द्रागिरि नगरपालिका-११का प्रवीण श्रेष्ठलाई हालै पक्राउ गरिएको हो ।

अभियुक्तमध्ये रामबहादुरले क्यानडा पठाउने भन्दै चार जनाबाट रु. ३९ लाख ५८ हजार, आशिषले न्युजिल्याण्डको प्रलोभनमा पारेर तीन जनाबाट रु. १३ लाख, लोकबहादुरले बेलायतमा राम्रो कमाइ हुन्छ भन्दै एक जनाबाट रु. १९ लाख, तुलसाले अमेरिका पठाउने भनेर एक जना पीडितबाट रु. १० लाख, कृष्णप्रसादले दुबइको लोभ दोखाएर एक जनाबाट रु. १० लाख र प्रवीणले सर्बिया पठाइदिन्छु भन्दै एक जनाबाट रु. छ लाख ठगेका थिए । ***रासस***

# एक खर्ब ८१ अर्बको पेट्रोलियम पदार्थ आयात

वीरगञ्ज (पर्सा), १४ जेठ । वीरगञ्ज नाका हुँदै चालु आर्थिक वर्षको १० महिनामा रु. एक खर्ब ८१ अर्ब ७० करोड मूल्य पर्ने छ थरिका पेट्रोलियम पदार्थ आयात भएको छ ।

गत आवको १० महिनाको तुलनामा चालु आवको सोही अवधिमा मूल्यको आधार यो नाका हुँदै रु. २५ अर्ब ५३ करोड अर्थात १६ दशमलव ३५ प्रतिशतले वृद्धि भएको हो । जबकि गत आवको १० महिनामा भने रु. एक खर्ब ५६ अर्ब १७ करोड मूल्य पर्ने छ थरिका पेट्रोलियम पदार्थ भित्रिएको थियो ।

वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टले चालु आवको १० महिनामा पेट्रोलियम पदार्थहरूको आयातबाट रु. ६७ अर्ब १९ करोड राजस्व सङ्कलन गरेको बताउनुभयो । चालु आवको १० महिनामा रु. एक खर्ब ५७ करोड मूल्य पर्ने आठ लाख ९५ हजार दुई सय ४६ किलोलिटर डिजेल आयात भएको छ । जबकि गत आवको १० महिनामा भने रु. ७९ करोड ५७ करोड मूल्य पर्ने नौ लाख ८५७ किलोलिटर डिजेल आयात भएको थियो ।

रु. ३५ अर्ब ७९ करोड मूल्य पर्ने तीन लाख ९० हजार ६१५ किलोलिटर पेट्रोल आयात भएको छ । गत आवको १० महिनामा भने रु. ३१ अर्ब ७१ करोड मूल्य पर्ने तीन लाख ६७ हजार ३४४ किलोलिटर पेट्रोल आयात भएको थियो ।

चालु आवको १० महिनामा रु. २५ अर्ब ५४ करोड मूल्य पर्ने २४ करोड २७ लाख तीन हजार १५० किलोग्राम एलपिजी ग्यास आयात भएको छ । जबकि गत आवका १० महिनामा भने रु. ३० अर्ब २८ करोड मूल्य पर्ने २६ करोड ४१ लाख १४ हजार ३२६ किलोग्राम एलपीजी ग्यास आयात भएको छ । ***रासस***



**महाकाली नदीमा विपत् नमुना अभ्यास**

नेपाली सेनाको बराह दल गुल्म भगतपुर ब्यारेकको अगुवाइमा कञ्चनपुरको भीमदत्त नगरपालिका-१२ ऐरीस्थित महाकाली नदीमा बिहीबार बिहान विपत् व्यवस्थापन तथा उद्धारसम्बन्धी पूर्वअभ्यास गरिँदै । महाकाली नदीको तटीय क्षेत्र बाढीको उच्च जोखिममा रहने भएकाले स्थानीय नागरिकको सुरक्षा, उद्धार तयारी, जनचेतना अभिवृद्धि तथा सुरक्षा निकायबिचको प्रभावकारी समन्वय गर्ने उद्देश्यले नमुना अभ्यास गरिएको हो । *तस्बिरः शेरबहादुर सिंह/रासस*

# औद्योगिक क्षेत्रमा सञ्चालित उद्योगमा २० हजार प्रत्यक्ष रोजगारी

काठमाडौँ, १४ जेठ । मुलुकका विभिन्न क्षेत्रमा रहेका १० औद्योगिक क्षेत्रमा सञ्चालित उद्योगबाट २० हजार व्यक्तिले प्रत्यक्ष रोजगारी प्राप्त गरेका छन् ।

करिब छ हजार १६ रोपनी जग्गामा सञ्चालित ती औद्योगिक क्षेत्रभित्र गत फागुन मसान्तसम्म कायम रहेका ७०६ मध्ये ६३८ उद्योग सञ्चालनमा रहेको आर्थिक वर्ष २०८२/०८३ को आर्थिक सर्वेक्षणमा उल्लेख छ । औद्योगिक क्षेत्रमा २६ उद्योग निर्माणाधीन, १६ उद्योग बन्द र २६ अन्य सङ्घसंस्था छन् ।

सातै प्रदेशमा बालाजु, पाटन, भक्तपुर, हेटौँडा, धरान, नेपालगन्ज, पोखरा, बुटवल, वीरेन्द्रनगर र गजेन्द्रनारायण सिंह गरी १० औद्योगिक क्षेत्र सञ्चालित छन् । मुलुकमा औद्योगिक विकास गर्न उद्योगलाई आवश्यक पर्ने आधारभूत पूर्वाधार जमिन, औद्योगिक भवन, सडक, विद्युत्, पानी, ढल तथा अन्य सुविधा एकै ठाउँमा उपलब्ध गराउने उद्देश्यले औद्योगिक क्षेत्र सञ्चालनमा ल्याइएको हो ।

आर्थिक तथा व्यावसायिक वातावरण सुधार र उद्योग तथा लगानी सहजीकरण गर्न औद्योगिक व्यवसाय ऐन, २०७६, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५, कम्पनी ऐन, २०६३ र विशेष आर्थिक क्षेत्र ऐन, २०७३ संशोधन गरी लगानीमैत्री बनाइएको आर्थिक सर्वेक्षणमा उल्लेख छ ।

नवीनतम ज्ञान, प्राविधिक सीप र क्षमता भएको इच्छुक उद्यमीलाई 'स्टार्टअप' उद्यममा सहभागी हुन उत्प्रेरित गर्दै स्टार्टअप उद्यम नीति २०८१ र स्टार्टअप उद्यम कर्जा सञ्चालन कार्यविधि, २०८१ स्वीकृत भएको छ ।

स्टार्टअप उद्यमको विकास र प्रवर्द्धनका लागि व्यवसाय सम्वर्द्धन केन्द्रको स्थापना भएको छ । स्टार्टअप उद्यम कर्जा कार्यक्रमअन्तर्गत गत आर्थिक वर्षमा पाँच हजार १५८ प्रस्ताव प्राप्त भएकामा ६६१ प्रस्ताव सिफारिस भई ६०० उद्यमीलाई कर्जा प्रवाह गरिएको आर्थिक सर्वेक्षणमा उल्लेख छ । चालु आवको फागुनसम्म १० हजार २४४ प्रस्ताव प्राप्त भएका छन् ।

औद्योगिक बौद्धिक सम्पत्तिका रूपमा गत फागुन मसान्तसम्म ७० हजार ९७० ट्रेडमार्क, ९० पेटेन्ट र ३२० डिजाइन दर्ता भएका छन् ।

**सबैभन्दा बढी चिनियाँ लगानी स्वीकृत**

फागुन मसान्तसम्म वैदेशिक लगानीका लागि स्वीकृति पाएका परियोजनामध्ये कूल लगानीका आधारमा सबैभन्दा बढी चिनियाँ छ । सो अवधिमा चीनको ४८ प्रतिशत, भारतको १७.९ प्रतिशत र तीबाहेक अन्यको ३४.१ प्रतिशत लगानी रहेको छ । ***रासस***

# नेपालमा 'क्यान्सर' को औषधिमा प्रयोग गरिने कच्चा पदार्थ उत्पादन : निर्यातसमेत थालनी

***- नारायण अधिकारी***

चितवन, १४ जेठ । जायोडिन बायोटेक उद्योगले क्यान्सरको औषधि बनाउने कच्चा पदार्थ उत्पादन सुरुआत गरेको छ । भरतपुर महानगरपालिका-१६ शरणपुरस्थित सो उद्योगले नेपाली जडीबुटी प्रशोधन गरेर क्यान्सरको औषधि बनाउने कच्चा पदार्थ उत्पादन गरी भारत निर्यात समेत गर्न थालनी गरेको हो ।

उद्योगका अध्यक्ष जीनारायणबहादुर क्षेत्रीले सो जानकारी दिँदै भन्नुभयो, "अत्याधुनिक उपकरण जडान गरेर कच्चा पदार्थ तयार गरेर निर्यात गर्न सुरुआत गरेका छौँ ।" स्वदेशी उद्यमीको संयुक्त लगानीमा रु. एक अर्ब ३० करोड सञ्चालनमा आएको जनाइएको छ ।

उद्योगमा कच्चा पदार्थ र त्यसबाट बन्ने क्यान्सरका औषधिहरू उत्पादनका लागि काम भइरहेको छ । उहाँले भन्नुभयो, "क्यान्सरको औषधिको कच्चा पदार्थ उत्पादन गरी निर्यात गरेका छौँ ।"

क्यान्सरको औषधि आयात हुँदै आएको छ । उद्योगले १०-१२ प्रकारका कच्चा पदार्थ उत्पादन गर्ने लक्ष्य लिएको छ । हाल दुई कच्चा पदार्थ उत्पादन गरिसकेको छ । लौठ सल्लोलाई प्रशोधन गरेको सहायक कच्चा पदार्थ 'टेन ड्यब थ्री' बाट अन्य केमिकल प्रयोग गरी 'प्याक्लिट्याक्सल' र 'डोसीट्याक्सल' कच्चा पदार्थ उत्पादन गरेको उहाँको भनाइ छ ।

हेटौँडाको बसामाडीमा रहेको इभान्स लाइफ साइन्स नामक उद्योगबाट लौठ सल्लो प्रशोधन गरी सहायक कच्चा पदार्थ उत्पादन गरी यहाँ ल्याएर पुन: प्रशोधन गरिएको उहाँको भनाइ छ । प्रशोधन गरेपछि कच्चा पदार्थ तयार हुने गर्दछ । त्यही तयारी कच्चा पदार्थ दुई किलो पाँचसयग्राम 'सेभेन ट्रक प्याक्लिट्याक्सल' मङ्गलबार भारत निर्यात गरिएको हो ।

आफूहरूले उत्पादन गरेको कच्चा पदार्थ उत्पादन परीक्षण गरी अनुमतिसमेत प्राप्त गरिसकेको उहाँको भनाइ छ । कच्चा पदार्थ निर्यात गर्न भारतीय कम्पनीलाई नमुना पठाइएको र नमुना सफल भएसँगै भारतमा कच्चा पदार्थ निर्यात गरिएको उहाँले जानकारी दिनुभयो । यो कच्चा पदार्थ रु. आठ लाखदेखि २५ लाखसम्म प्रतिकिलो मूल्य पर्दछ । कच्चा पदार्थको 'ब्राण्ड' नाम हुँदैन ।

उहाँले पाकिस्तान, बङ्गलादेशलगायतका एसियाली देशहरूमा निर्यात गर्ने आफूहरूको योजना रहेको जानकारी दिनुभयो । नेपालका ४० देखि ४५ जिल्लामा यो लौठसल्लो पाइने जनाउँदै उहाँले वार्षिक एक हजार ५०० टन लौठसल्लोबाट दुईदेखि तीन हजार किलोसम्म कच्चा पदार्थ उत्पादन गर्न सकिने जानकारी दिनुभयो ।

उद्योगमा नै रहेको अर्को भवनमा क्यान्सर रोगको उपचारमा प्रयोग हुने औषधिको समेत उत्पादन गर्ने तयारी आफूहरूले गरिरहेको उहाँको भनाइ छ ।

उद्योगमा मासिक ७० देखि ८० किलो कच्चा पदार्थ उत्पादन गर्नसक्ने क्षमता रहेको जनाइएको छ । ***रासस***

# मासिँदै सनपाट

***- गोपालप्रसाद बराल***

महोत्तरी, १४ जेठ । केही दशक पहिलेसम्म महोत्तरीका बस्तीबस्तीका किसान सनपाट खेतीमा लाग्ने गरेका थिए । अचेल भने यहाँका फाँटमा न सनपाट देखिन्छ, न त यो खेती गर्नेमा युवा पुस्ताको आकर्षण छ । किसानका गोठमा पशुवस्तु घट्दै गएसँगै सनपाटको खेती पनि मासिँदै गएको जानकारहरू बताउँछन् । विगतमा पशुवस्तु बाँध्न, डुलाउनमात्र होइन, कैयौँ काममा प्रयोग हुने डोरीको प्रयोग हुने गरेको थियो । एकातिर पशुवस्तु पाल्न छोडिएको र अर्कोतिर प्लाष्टिकका बनिबनाउ डोरी सजिलै पाउने भएकाले सनपाट खेतीतर्फ किसानको सरकार घट्दै गएको हो ।

"मेरै गोठमा जहिले पनि दुई हल गोरु, दुईवटा भैँसी र एउटा गाई हुन्थ्यो", दुई दशक पहिलेको आफ्नो गुहाली ( गोठ) सम्झँदै बर्दिबास-९ पशुपतिनगरका ७० वर्षीय किसान कारी महतो भन्नुहुन्छ, "यिनै वस्तुसँग जोडेर बर्सेनि केही जग्गामा सनपाट लगाइन्थ्यो, अब न गोठमा वस्तु छन्, न पाटखेती नै गरिन्छ ।"

उहाँ मात्रै होइन, यताका सबैजसो किसानका गोठमा जग्गाको अनुपातमा गोरु पालिन्थे, दूधका लागि घरघरै गाईभैँसी हुन्थे । किसानहरूले ती पशुवस्तु बाँध्न डोरी, दाम्ला बनाउन आफैँ सनपाट खेती गर्थे । पुरानो पुस्ताको अवसानसँगै त्यो प्रचलन हराएको छ । नयाँ पुस्ता पढाइ र कामका लागि विदेसिने क्रम बढेपछि वस्तुपालन र पाटखेती हराएको महतोकै छिमेकी सूर्यदेव सिंह बताउनुहुन्छ ।

यहाँको भङ्गाहा-६ हतिर्साको मजरा बस्तीका ६० वर्षीय सुरेश बाँतरका अनुसार पशुवस्तुका दाम्ला बनाउन मात्र नभइ घरायसी प्रयोजनका लागि विगतमा पनि डोरी र मोटो रस्सी बाँट्न पनि सनपाटको सुत्री चाहिन्थ्यो । दाम्लो, डोरी र मोटो रस्सा बनाउनमात्र नभई प्राङ्गारिक मलका लागि पनि सनपाट खेती गर्ने चलन रहेको उहाँको भनाइ छ ।

"सनपाटका जरामा हुने साना गिर्खा (गाँठा) मा माटोलाई चाहिने उर्वर शक्ति नाइट्रोजन हुन्छ, अनि डाँठ र पातबाट कम्पोष्ट मल बन्छ" नेपाल सरकारको कृषि सेवाको सहसचिवबाट अवकासप्राप्त भङ्गाहा-५ सीतापुरका ७५ वर्षीय कृषिविज्ञ रामबहादुर भुजेल भन्नुहुन्छ, "मधेसमा मलका लागि लगाइएको सनपाट खेतमा धान रोप्न, खेत हिल्याउँदा जोतेर केही दिन छाडिने चलन छ । हिलो पानीले सनपाट गलेपछि फेरि दाँदे लगाएर धान रोपिन्छ ।"

सनपाटको यस्तो मल धानखेतीका लागि निकै उर्वर हुँदा विगतमा किसानको रोजाइमा पर्ने गरेको भुजेलको भनाइ छ । उहाँले कृषि कार्यालयहरूले किसानलाई मलका लागि यो खेती गर्न कार्यक्रम नै बनाएर अभिप्रेरित गर्ने गरेको पनि स्मरण गर्नुभयो ।

सनपाट दाम्ला, डोरी र रस्साका लागि खेती गरिँदा यो छिप्पिएपछि काटेर मुठा बनाइ गहिरो पानीमा डुबाउन पर्छ । त्यसरी केही दिन पानीमा डुबाइएको सनपाटको डाँठबाट रेसा अलग्गिन थालेपछि त्यसलाई धोइपखाली घर ल्याएर सुकाएपछि पाट तयार हुन्छ । यसरी तयार भएको पाट सुत्री कातेर दाम्ला, डोरी र रस्सा बनाउनसँगै उब्रेको पाट बजारमा बेचेर किसान घरखर्चको जोहोसमेत मिलाउने गरेका गौशाला-१० लक्ष्मीनियाँका ७५ वर्षीय किसान लक्ष्मी महतोको सम्झना ताजै छ ।

उहाँ भन्नुहुन्छ, "पहिले पो जोत्न गोरु चाहिन्थ्यो र घरघरै जसको जति खेत छ, त्यसअनुसार गोरु पाल्थे, अब सबै ट्रेक्टरबाटै जोत्छन् । गोरुसँगै घरघरैजसो भैँसी र कमसेकम एउटा गाई पालिन्थ्यो, अब न गोठमा वस्तु नै छन्, न यिनलाई बाँध्न चाहिने दाम्ला/डोरीका लागिको सनपाट खेती ।" व्यावसायिक रूपमा आधुनिक तवरले पशुपालन गर्ने किसान निकै कम भएका र अब बजारमा प्लाष्टिकका दाम्ला, डोरी सजिलै पाइन थालेपछि सनपाटको सम्झना नै हुन छाडेको उहाँको भनाइ छ ।

विराटनगरको जुटमिल बन्द हुनु, पशुपालन घट्दै जानु, नयाँ पुस्ताले यसबारे रुचि नदेखाउनु, पोखरी/दहमा पानी सुक्नु र खेतीमा रासायनिक मलमा निर्भरता बढ्नुले सनपाट खेती हराएको औरही-७ भोइलका पाका किसान ७० वर्षीय मोहन महतोको बुझाइ छ ।

एकडारा गाउँपालिकाको अजमरपट्टी बस्तीका ६० वर्षीय हरिदेव मण्डलले भन्नुभयो, "करिब दुई दशक अघिसम्म जिल्लाका सबैजसो भेगमा आम किसानले धेरथोर सनपाट खेती लगाउँथे । यहाँ कुत्रुङ, कश्मिरा र पटुवा जातका सनपाटको खेतीबाट आफूलाई आवश्यक पर्ने सुत्री कातेर अरु बेचेर घरखर्चका लागि नगदको जोहो गर्थे । यो सबै हिजोझैं लाग्दैछ । अहिलेका किशोर उमेरका नातिनातिनालाई सनपाट भनेको नै थाहै नपाउने अवस्था बनिसक्यो ।"

सनपाट घरायसी प्रयोजनका डोरी, नाम्ला, दाम्ला र रस्सा एवं प्राङ्गारिक मलका लागिमात्र नभई कागज, बोरा, झोला, कपडा बुन्न उद्योगले समेत किन्ने गरेकाले विगतमा राम्रो आम्दानीको स्रोतको रूपमा थियो । यहाँबाट तयार गरिएको पाट विराटनगर जुट मिलमा जाने गरेकाले आम्दानी गर्न सहज भएको भङ्गाहा-५ धतीयाटोलका ६५ वर्षीय किसान सुपतलाल यादवको सम्झनामा छ । उहाँ भन्नुहुन्छ, "मल र घरायसी प्रयोजका लागि सनपाट प्रयोग गर्थ्यौँ । बढी भएपछि उद्योगलाई बेचेर कमाउथ्यौँ ।"

सनपाटको सन्ठी अत्यन्त प्रज्वलनशील हुने हुँदा गाउँघरमा आगो सल्काउन/जगाउन बचाएर राख्ने पुरानो चलनसमेत रहेको थियो । खासगरी सन्ठी दीपावलीमा 'हुक्कालोलि' खेल्न प्रयोग गर्ने मधेशको चलन छ । 'हुक्कालोलि' मिथिला संस्कृतिकै अङ्ग मानिन्छ । यस प्रयोजनका लागि सन्ठी जोगाएर राखिने गरेको विगत यहाँका पाका किसानले बताउने गरेका छन् ।

सनपाट खेती गर्मी हावापानीमा हुने गर्छ । छरेको करिब ४५ दिनमा काट्न तयार हुने यो खेतीका लागि महोत्तरीको माटो र वातावरण अनुकूल भएको कृषि प्राविधिक बताउँछन् । पानीका दह घट्दै गएपछि पाटका लागि यो खेती असजिलो हुँदै गए पनि खेतबारीको मलका लागि भने किसानलाई अझै यसतर्फ उत्प्रेरित गर्न आवश्यक रहेको कृषिविज्ञ राजकिशोर यादवको भनाइ छ । ***रासस***

। सम्पादकीय ।

# बजेट श्रमजीवीवर्गप्रति लक्षित हुनुपर्छ

सरकारले संवैधानिक व्यवस्थाबमोजिम जेठ १५ गते आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गर्दै छ । उक्त बजेट सभामा प्रतिनिधिसभा र राष्ट्रियसभाका सदस्यहरू सहभागी हुनेछन् । बजेट गणतन्त्र दिवसको अवसर पारेर दुवै सदनको संयुक्त बैठकमा प्रस्तुत हुन्छ । बजेट देशको आम्दानी र खर्चको अनुमानित विवरणमात्र नभई बजेट योजना तथा विकास गर्ने अवधारणा पनि हो । यो देशको विकास तथा जनताको जीवनस्तर उठाउन सरकारले एक वर्षमा कहाँ के के बनाउने र गर्ने निश्चित खाका पनि हो । नीति तथा कार्यक्रम र बजेट श्रमजीवीवर्गप्रति लक्षित हुनुपर्छ भन्ने जनताको चाहना हो ।

विपक्षी दलका सांसदहरूले सरकारी नीति तथा कार्यक्रम विगतको निरन्तरता भएको दाबी गरे । यसको आधारमा बजेट पनि साना-तिना हेरफेरबाहेक बिगतकै निरन्तरता हुने अर्थविद्हरूको विश्लेषण रहेको छ । तर, देशको राज्य व्यवस्था समाजवादउन्मुख भएको हुँदा सोहीअनुसार बजेट आउने विश्वास राजनीतिक विश्लेषकहरूको रहेको छ । बजेट देशको प्रधानमन्त्री र अर्थमन्त्रीहरूको चाहनाअनुसार तयार गर्ने होइन । बजेटमा जनताको आवश्यकता पूर्ति गर्ने पूर्वाधारहरू छन् कि छैनन् ? बजेटमा शोषित-पीडित जनता, गरिब, सुकुमवासी, उत्पीडित, कमैया, किसान, मजदुरहरूको माग सम्बोधन हुन्छ कि हुँदैन । कर्मचारी, शिक्षक, सेना, प्रहरीको तलब बढाएर किसान र मजदुरको समस्या सम्बोधन गरिँदैन भने बजेटले विभेद गरेको हुन्छ । देशका श्रमजीवी, भूमिहीन, उत्पीडित तथा कमैयाहरूको समस्या समाधान गर्न सरकारले क्रान्तिकारी भूमिसुधार लागू गर्नुपर्छ । क्रान्तिकारी भूमिसुधारले किसानहरूको जीवन सुनिश्चित हुन्छ या बाँच्ने आधार तयार हुन्छ ।

मुलुकभरि रोजगारीको अवसर दिन सन्तुलित विकासको अवधारणासहित बजेट तयार गर्नुपर्छ । देशमा उत्पादन बढाएर खाद्यान्नमा आत्मनिर्भर बनाउन कृषिमा आधुनिकीकरण र वैज्ञानिकीकरण गर्नुपर्छ । देशमा बन्द भएका उद्योगहरू सञ्चालन गर्नुपर्छ र आवश्यकताअनुसार उद्योगहरू खोलेर रोजगारीको अवसर दिएर युवाहरू बिदेसिने क्रमलाई न्यूनीकरण गर्दै जानुपर्छ । देशका स्रोत र साधनलाई अधिकतम उपयोग गरी निर्यात बढाएर देशको आम्दानीस्रोत बढाउने काम गर्नुपर्छ । शिक्षामा माध्यमिक तह अनिवार्य तथा उच्च शिक्षा नि:शुल्क गर्नेतर्फ सरकारको ध्यान पुग्नुपर्छ । साक्षर देश बनाएर विकासशील बनाइनुपर्छ । त्यस्तै स्वास्थ्य सेवा पनि सहज बनाइनुपर्छ । औषधिको कमी र स्वास्थ्योपचारको कारण कुनै पनि बिरामीको ज्यान नजाओस् भनी स्वास्थ्य सेवा सर्वसुलभ बनाइनुपर्छ । स्वास्थ्यकेन्द्र र अस्पताल जिल्ला जिल्ला, नगर र गाउँपालिकामा पुग्नुपर्छ । बेलाबखत आइपर्ने रोगको प्रकोप नियन्त्रण गर्न समयमै सावधानी अपनाउने काममा सरकार लाग्नुपर्छ ।

आर्थिक सर्वेक्षण २०८२/८३ र सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा प्रतिवेदनअनुसार कुल ४५ वटा संस्थानमध्ये १६ वटा घाटामा सञ्चालन भइरहेको खबर जेठ १४ गते प्रकाशित 'कान्तिपुर' दैनिकमा छापियो । घाटामा रहेका संस्थानमध्ये सबैभन्दा बढी नोक्सानी नेपाल वायु सेवा निगम रहेको जनाइएको छ । सार्वजनिक संस्थानहरू किन घाटामा सञ्चालन भइरहेका छन्; किन बन्द भइरहेका छन् ? सोको खोजीनीति गर्नुपर्छ । सार्वजनिक संस्थान घाटामा चलिरहेको भनेर ती संस्थानलाई निजीकरण गर्ने होइन; बरू कारण पत्ता लगाई सोको निकास खोज्नुपर्छ । सार्वजनिक सस्थान घाटामा चल्नु या बन्द हुनुको अर्थ निजीकरण गर्नु होइन ।

सरकारको नेतृत्व गर्ने दलका नेता, मन्त्री र सांसदहरूमा जोश र जाँगर भएर मात्र पुग्दैन; देश र जनताको हितमा काम गर्ने विचार या दृष्टिकोण हुनुपर्छ । युवाहरूको जोश र जाँगरले गलत बाटोमा गयो भने देशको स्वाधीनता र सार्वभौमसत्तामा असर पर्न सक्छ; देश र जनतालाई दूरगामी असर पर्न सक्छ । अत: सरकारले गर्ने हरेक निर्णय र कार्य होसियारीपूर्वक गर्नुपर्छ, बडो सचेतताका साथ काम गर्नुपर्छ । देशको नेतृत्व गर्ने दलका नेताहरू दूरदर्शी भएनन् भने देशलाई नराम्रोसँग हानि हुन्छ; देश बिग्रिएपछि पछुताएर समस्या समाधान हुने होइन ।

देशको एक समस्या नेपाली भूमि अतिक्रमण हो । देशको सीमा विवाद अन्त्य गर्न, नेपाली भूमि बचाउन सुरक्षाकर्मी परिचालनको निम्ति पनि बजेट छुट्याउनुपर्ने हुन्छ । असमान सन्धि सम्झौता गरेर देशलाई कहिले पनि विदेशी थिचोमिचो र दबाबमा पर्न दिनुहुँदैन । देशको अस्थिरतामा असर पर्ने कुनै पनि सन्धि-सम्झौतामा सरकार चुक्नु हुँदैन । कृषिप्रधान देशमा स्वदेशमै रासायनिक मल कारखाना खोल्नुपर्छ; मल कारखाना खोलेर गुणस्तरीय मल सर्वसुलभ बनाइनुपर्छ ।

देशको अर्को जल्दोबल्दो समस्या घुस, भ्रष्टाचार र अनियमितता पनि हो । घुस खाने, भ्रष्टाचार र अनियमितता गर्ने कुनै पनि नेता, मन्त्री, सांसद, जनप्रतिनिधि र कर्मचारी कारबाहीमा पर्नुपर्छ । देशको राज्यस्रोतमा राइँदाइँ गर्नेहरू रहेसम्म देशको आर्थिक स्थिति मजबुत हुनेछैन; भ्रष्टाचार अन्त्य हुनेछैन । देशको अर्थतन्त्र मजबुत बनाउन आयस्रोत बढाउने योजना तय गर्नुपर्छ । देशमै रोजगारीको व्यवस्था गर्ने, आत्मनिर्भर बनाउने, सबैले उच्च शिक्षा हासिल गर्न पाउने बन्दोबस्त गर्ने, स्वास्थ्योपचार गर्ने, देशभरि बिजुली बत्ती, सडक र खानेपानी पुऱ्याउने काममा सरकारले ध्यान दिनुपर्छ । सरकारले व्यापक जनताको प्रतिनिधित्व गर्नुपर्छ; व्यापक जनताको सेवामा सरकार समर्पित हुनुपर्छ । देशको बजेट त्यही विषयमा केन्द्रित हुनुपर्छ ।

# के लेबनानमा सन् २००० देखि केही परिवर्तन भएको छ ?

● रामि जी. खूरी

यसै हप्ता २६ वर्षअघि, इजरायल दक्षिण लेबनानमा १८ वर्षदेखिको कब्जा अन्त्य गर्न बाध्य भएको थियो । त्यसबेलादेखि धेरै परिवर्तन भइसकेको छ, तैपनि लेबनान र इजरायल अझै त्यही नीतिमा अडिग छन् । जसले उनीहरूलाई आजको युद्धमा तान्यो । यो युद्ध जसले इरानलाई पनि घेरेको छ, संयुक्त राज्य अमेरिकालाई तानेको छ र अब विश्वव्यापी अर्थतन्त्रलाई नै खतरामा पारेको छ ।



मध्यपूर्व र विश्वभरि गुञ्जिरहेको केन्द्रीय मुद्दा 'प्यालेस्टिन' बनेको छ । इजरायलले १९७० को दशकमा, हिजबुल्लाह गठन हुनुभन्दा वर्षौं अघि, लेबनानमा प्यालेस्टिन-समर्थक सेनामाथि आक्रमण गरेको थियो र त्यसबेलादेखि यो स्थानीय द्वन्द्व फराकिँदै गएको छ । १९८२ पछि इरानले हिजबुल्लाहलाई दिएको समर्थनले गर्दा लेबनान; इरान र इजरायलबिचको युद्धभूमिमा परिणत भयो । आज संयुक्त राज्य अमेरिका इजरायलको साथमा लडिरहेको बेला, त्यो मोर्चा क्षेत्रीय युद्धमा परिणत भएको छ । यसको मुटुमा हिजबुल्लाह उभिएको छ, जुन इजरायली-अमेरिकी प्रभुत्वको विरोध गर्ने इरानद्वारा समर्थित 'प्रतिरोधको अक्ष' (Axis of Resistance) को केन्द्रीय स्तम्भ हो ।

यस क्षेत्रीय र विश्वव्यापी रूपरेखामा लेबनान एउटा छेउको दृश्य (Sideshow) जस्तो लाग्न सक्छ । तर, यो अझ बढी छानबिनको योग्य छ किनकि यो झिल्कोले ७८ वर्षको इजरायल-लेबनान-प्यालेस्टिन द्वन्द्वलाई आजको क्षेत्रीय युद्धमा विस्तार गर्यो र अझै पनि गर्दै छ ।

सन् २००० देखि लेबनानमा धेरै परिवर्तन भएको छ । उन्नत मिसाइल, ड्रोन र राडार प्रविधिले अब शक्ति सन्तुलनलाई आकार दिएको छ; सबैभन्दा माथि त इरान र हिजबुल्लाहको अमेरिकी-इजरायली हवाई प्रतिरक्षाबाट बच्ने क्षमतामा वृद्धि भएको छ । लेबनानको अर्थतन्त्र ध्वस्त भएको छ, त्यहाँका मानिसहरूलाई बारम्बार आफ्नो घरबाट धपाइएका छन् अनि इजरायलले दक्षिणी भेगका सहर र गाउँहरूलाई ध्वस्त पारेको छ । सन् २००६ मा बेरुतको दाहियेहमा बनाइएको र पछि गाजामा लागू गरिएको सहरी विनाशको सिद्धान्तलाई उजागर गर्दै छ । हिजबुल्लाहलाई ठुलो चोट लागेको थियो तर दुब्लिएको थप चुस्त शक्ति भएर पुनर्जन्म लिएको छ, जसले लेबनानलाई आफ्नो वशमा राख्ने वा यसभित्र अर्को स्थायी सुरक्षा क्षेत्र बनाउने इजरायलको अभियानलाई फेरि एक पटक विफल पारेको छ ।

क्षेत्रीय तस्वीर पनि परिवर्तन भएको छ । इरानसँग हिज्बुल्लाहको सम्बन्धको रूपमा सिरियाको भूमिका ध्वस्त भएको छ र अमेरिका-इजरायली आक्रमणबाट इरान आफैलाई केही क्षति पुगेको छ । तैपनि, तेहरान युद्ध अन्त्य गर्ने कुनै पनि क्षेत्रीय सम्झौतामा लेबनानलाई समेटिएको हेर्न दृढ देखिन्छ । संयुक्त राज्य अमेरिकाले खुलेआम इजरायलको पक्ष लिएको छ, लेबनानी राष्ट्रपति जोसेफ आउन् र प्रधानमन्त्री नवाफ सलामलाई हिज्बुल्लाहलाई 'नि:शस्त्र' गर्न र इजरायलमाथिको विद्यमान खतरा हटाउन दबाब दिएको छ, नत्र लेबनानभरि गाजा शैलीको थप विनाशको सामना गर्नुपर्ला भनी धम्क्याउँदै छ । चीन, साउदी अरेबिया, टर्कीए, पाकिस्तान र रूसलगायत अन्य शक्तिहरूले इरानविरूद्धको युद्ध अन्त्य गर्न, शान्ति र लेबनानी सार्वभौमसत्ता पुनर्स्थापित गर्न विभिन्न तरिकाले दबाब दिएका छन् ।

यस राजनीतिक आँधीबेहरीको बिचमा, लेबनानमा सन् २००० अघिको युगका धेरै अवस्थाहरू अझै कायम छन् । इजरायललाई एकमात्र प्रभावकारी प्रतिरोध प्रदान गर्ने सशस्त्र आन्दोलनको रूपमा हिज्बुल्लाहको भूमिकामा लिएर जनसङ्ख्या विभाजित छ । सरकार राजनीतिक वा सैन्य रूपमा काम गर्न असमर्थ देखिन्छ; आर्थिक अभाव, घरेलु सहमति वा सैन्य प्रभावका कारण । कहिलेकाहीँ लेबनान, इजरायली वा अमेरिकी दबाबमा झुक्छ : पहिले नै सीमान्तकृत प्यालेस्टिनी शिविरहरूलाई 'नि:शस्त्रीकरण' गराउँछ, वा अमेरिकाको इजरायल-समर्थक पूर्वाग्रहको आडमा वाशिङगटनमा इजरायली अधिकारीहरूलाई भेट्छ ।

वासिङटनले लेबनानको पुनर्निर्माणका लागि प्रदान गर्ने आर्थिक सहयोगलाई बेरुतले कति अमेरिकी-इजरायली सर्तहरूको पालना गर्छ भनेर जोडेको छ । पछिल्ला दुई युद्धविरामको इजरायली उल्लङ्घनलाई बेवास्ता गर्ने अमेरिकाको तयारीमा इजरायल समर्थक पक्षपात (Pro-Israeli bias) स्पष्ट छ र कुनै पनि लेबनानीमाथि आक्रमण गर्ने इजरायलको अधिकारलाई औपचारिक रूपमा समर्थन गर्दै वासिङटनले खतरा मान्दछ जबकि इजरायलबाट धम्की दिइएका लेबनानीहरूलाई भने सोही अधिकारबाट वञ्चित गर्दछ ।

लेबनानी सरकारले असन्तुष्ट, अत्यन्तै गरिब जनसङ्ख्याको दबाब पनि महसुस गरेको छ, जो निरन्तर इजरायली आक्रमणबाट आक्रोशित छ । इजरायलले २०२६ मा मात्र ३,००० भन्दा बढी लेबनानी मारेको छ, १२ लाखलाई जबरजस्ती आफ्नो घरबाट विस्थापित गरेको छ र दर्जनौं गाउँ र साना सहरहरू ध्वस्त पारेको छ । अमेरिकी दबाब प्रयोग गर्दै इजरायली आक्रमण रोक्न र बेरुतलाई आफ्नो सबै भूमिमा सार्वभौम नियन्त्रण पुन:स्थापित गर्ने हेतुले लेबनानले इजरायलसँगको वार्तालाई आफ्नो सैन्य बेफाइदालाई कम गर्ने प्रयासको रूपमा ओचित्य दिन्छ ।

यी पुरानो र नयाँ गतिशीलतामाथि एउटा ऐतिहासिक वास्तविकता तैरिँदै छ : इरान र हिजबुल्लाहले विदेशका सहयोगीहरूको समर्थनमा विनाशकारी इजरायली-अमेरिकी आक्रमणलाई अवशोषित गरे र दुई पटक आफूभन्दा धेरै शक्तिशाली, आणविक-हतियारधारी विरोधीहरूलाई युद्धविराम स्वीकार गर्न र नयाँ वार्ता गर्न बाध्य पारे; पहिलो अप्रिलको सुरुमा इरानको लागि र केही दिनपछि लेबनानको लागि । लेबनानी युद्धविरामले अब अमेरिका-इरानको व्यापक सम्झौतामा समावेश हुने भएको छ । दुबै युद्धविरामले यस क्षेत्रमा भएको अमेरिकी-इजरायली स्थिति कमजोर भएको छ, इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुलाई गहिरो राजनीतिक प्रहार पाएका छन् भने इरान, हिजबुल्लाह र यिनका सहयोगीहरूका लागि नयाँ कूटनीतिक लाभको सङ्केत गरेको देखिन्छ ।

यी सबैबाट हामीले के पाठ सिक्न सक्छौँ ? सायद त्यो सैन्य शक्ति, जतिसुकै क्रुर वा नरसंहारी किन नहोस्, मध्यपूर्वभरिको वास्तविकतालाई सधैँ निर्देशित गर्न सक्दैन । यदि वर्तमान प्रवृत्ति कायम रह्यो भने, बफर र 'सुरक्षा' क्षेत्रहरू, नयाँ इजरायली बस्तीहरू, स्थानीय इजरायल समर्थक सहयोगीहरू, सैन्य चौकीहरू, निरन्तर हवाई हमलाहरू, सम्पूर्ण अमेरिकी समर्थित इजरायली युद्धनीति (Playbook), सबै अतीतका कुरा हुनेछन् ।

लेबनानमा नयाँ कूटनीतिक सन्तुलन कसरी देखा पर्छ भनेर हेर्न बाँकी छ । तर इरान र हिजबुल्लाह, आफ्नो 'अस्तित्व' को लडाइँबाट बचेर अब स्थायी युद्धविरामको लागि दबाब दिइरहेका छन् भने इजरायली स्थितिलाई कमजोर बनाउन र लेबनानको आन्तरिक गतिशीलतालाई पुन: आकार दिन मद्दत गर्न सक्छन् । आदर्श रूपमा यसले हिजबुल्लाह, बेरुत सरकार र सबै लेबनानीहरूलाई एक पटक र सधैंका लागि, पारस्परिक रूपमा लाभदायक सम्बन्धहरूको लागि गम्भीर दीर्घकालीन दृष्टिकोणमा समाधान गर्न प्रेरित गर्न सक्छ; त्यो इजरायलसँग जसले लेबनानी सार्वभौमसत्ताको पूर्ण सम्मान गरोस् ।

यदि त्यसो भयो भने यसले सबै पक्षहरूलाई ७८ वर्षदेखि बेवास्ता गरिएको र स्थायी युद्धलाई बढावा दिने केन्द्रीय मुद्दा 'प्यालेस्टिनी अधिकार' लाई निष्पक्ष रूपमा समाधान गर्न दबाब दिनेछ । वैध रक्षा रणनीतिका साथै परिपक्व र निर्णायक कूटनीतिले मात्र वर्तमान प्रवृत्तिले इच्छित परिणामतर्फ डोऱ्याउने छ कि छैन भनेर निर्धारण गर्नेछ ।

*(लेखक अमेरिकन युनिभर्सिटी अफ बेरुत, वरिष्ठ सार्वजनिक नीति अध्येता हुन् ।)*

*प्रस्तुति : सुतेज*



*दक्षिणी लेबनानको नाबाटिएह्बाट देखिएको इजरायली आक्रमणपछि धुवाँको मुस्लो उडिरहेको दृश्य, मे २५, २०२६ (स्ट्रिंगर/रोयटर्स)*

# विश्व शान्तिको रक्षा गर्नु हाम्रो जिम्मेवारी हो


✍ नीरज लवजु

बुद्ध जयन्तीको सन्दर्भ जोडेर चीनको छन्दुस्थित नेपाली महावाणिज्य दूतावासले त्यहींको सरकारी विद्यालय छन्दु नम्बर २ मिडिल स्कूलसँग मिलेर वैशाखको अन्तिम साता निबन्ध लेखन प्रतियोगिता आयोजना गरेको थियो । प्रतियोगितामा कक्षा दसका बीस जना विद्यार्थीले नेपालबारे आफ्ना बुझाइ लेखेका थिए – कसैले चिनियाँ भाषामा त कसैले अङ्ग्रेजी भाषामा । चिनियाँ स्कूले विद्यार्थीहरूले नेपाललाई कसरी चिनेका रहेछन् भनी बुझ्न त्यहाँ लेखिएका निबन्धहरू आँखीझ्यालसरह छन् ।

हामीले प्रतियोगीमध्ये अङ्ग्रेजी भाषामा लेखिएका केही निबन्धबाट प्रतियोगी विद्यार्थीहरूका नेपाल बुझाइ चियाउने कोसिस गरेका छौं । प्रतियोगितामा प्रथम भएकी ह्वाङ याओ हुईले आफ्ना सुन्दर हस्ताक्षरमा नेपालसँग चीनको सम्बन्धको वर्णन गरेकी छिन् । उनले लेखेकी छिन्, मेरो विचारमा शान्ति हुनु भन्नु लडाइँ झगडा नहुनु मात्र होइन । शान्ति भनेको त साँच्चै एक अर्कासँग हृदय गाँसिनु हो । देशहरूले आपसमा एक अर्कालाई बुझ्नु हो । आकार र जनसङ्ख्याको हिसाब गर्दा त चीन र नेपालबिच निकै भिन्नता छ । तर, हामीले यस्ता क्षेत्रीय भिन्नता नाघेर मित्रताको एउटा पुल बनाएका छौं जसले एकअर्कालाई मद्दत गरिरहेको छ । अनि यसप्रकार हामीले विश्व शान्तिको लागि पनि एउटा न्यानो आधार निर्माण गरेका छौं ।

याओ हुईलाई पछिल्ला वर्षहरूमा नेपाल र चीनबिच छिडहाइ तिब्बती पठारका दुर्लभ हिउँ चितुवाको संरक्षण र पर्यावरण जोगाउन सहकार्य भइरहेको जानकारी छ । उनले आफ्ना सुन्दर अक्षरमा लेखेकी छिन्, यस्ता प्रयासले हामीलाई स्मरण गराएको छ, वातावरणको कुनै सिमाना हुँदैन । एउटा छिमेकीले बाटो बिराउँदा अर्को छिमेकीले सास्ती भोग्नुपर्ने हुन्छ । वातावरण संरक्षणका यस्ता प्रयासले चीन र नेपालले क्षेत्रीय शान्तिको लागि मात्र होइन, विश्व शान्तिको लागि पनि टेवा पुऱ्याएको छ ।

चीनका विभिन्न विश्वविद्यालयमा अध्ययनरत नेपाली विद्यार्थीहरूप्रति स्थानीय चिनियाँ काकाकाकीहरूले गर्ने न्यानो व्यवहारले पनि दुई देशबिचको आत्मीय व्यवहार अझ गाढा बनाएको उनले आफ्नो निबन्धमा लेखेकी छिन् । अर्जुन नामको एकजना नेपाली विद्यार्थीले छन्दुस्थित सिछ्वान विश्वविद्यालय पढ्दा एक जना स्थानीय काकीले गरेको मायालु व्यवहारको प्रसङ्ग राख्दै याओ हुईले यस्ता मसिना कुराले छन्दु सुन्दर



ESSAY WRITING COMPETITION
NEPAL CHINA RELATIONS: GLOBAL PEACE
Date: 11 May 2026

Nepal. Direct flights from Chengdu to Pokhara have opened a convenient "~~Air~~ air bridge" for trade and tourism. Argricultral training courses in Ya'an have shared Sichuan's mountain farmin experience with Nepalese technicians. Sichuan's enterprises also help build hydropower and infrastructure for win-win progress.

Nowadays, the world is undergoing profound changes with challenges like climate change and economic slowdown. Against this backdrop, China-Nepal's friendship based on equality, mutual respect and peace coexsitence ~~sen~~ sets a valuable model, helping promote ~~to~~ global peace and common development

As a Chengdu student, I hold the view that youth exchange is the key to furture friendship. We learn from each other's traditions and bridge cultural gaps. Mount Everest, stands as a timeless symbol of our unbreakable bond. I ~~sinserely~~ Sincerely hope China and Nepal will walk hand in hand forever. As teenagers, we should cherish the precious friendship and pass it down from generation to generation.

Organized by: Consulate General of Nepal Chengdu
Venue: Chengdu No. 2 Middle School


ESSAY WRITING COMPETITION
NEPAL CHINA RELATIONS: GLOBAL PEACE
Date: 11 May 2026


Nepal - China Relations: Global Peace

When we talk about global peace, we often think about the United Nations or serious meetings between big countries. Living daily life, we might feel that these things are too far away from us. But whenever I look at the world map in geography class, I can read a different meaning in it. This story of peace is not written in a political declaration. Instead, it is quietly carved between the snowy Himalayas, hidden deep in the deep friendship between China and its neighbor, Nepal.

In my opinion, peace is not just about having no wars, it's truly about hearts connecting and countries understanding each other. China and Nepal are very different in size and population. But we have crossed these regional differences to build a bridge of friendship that helps each other. What's more, we have also laid a warm foundation for global peace.

Looking at the geography, the Himalayas connects our two countries closely. For thousands of years, these high mountains were a big barrier that stop us from communicating. But today, they are truly a natural bond of ~~y~~ our friendship. The planning

Organized by: Consulate General of Nepal Chengdu
Venue: Chengdu No. 2 Middle School


ESSAY WRITING COMPETITION
NEPAL CHINA RELATIONS: GLOBAL PEACE
Date: 11 May 2026

中尼友谊——跨越喜马拉雅的暖光

在世界屋脊喜马拉雅山的两侧，中国和尼泊尔宛如两颗相互辉映的星辰，千年以来，守望相助，相互支撑。这份跨越山海的友谊，不仅是两国人民的宝贵财富，更是为促进世界和平贡献了自己的力量

中尼友好交流的友谊，是一部跨越千年的和平史诗。早在唐朝时期，尼泊尔尺尊公主远嫁吐蕃，为西藏地区带来先进工艺和佛教文化，这促进了中国西藏区的发展。当尼泊尔受到外部威胁时，中国则主动伸出援手，支持尼泊尔维护国家主权和领土完整。这份相互支持，互利共赢的传统，为中国与尼泊尔的友谊打下了坚实基础。

进入新时代，中尼之间的互帮互助成为国与国之间和平共处的典范。尼泊尔积极响应"一带一路"倡议，并成为最早参与该倡议的国家之一，为中国与南亚地区互联互通搭建了重要桥梁。而中国则始终支持尼泊尔的基础设施建设，并在农业，能源等领域提供了大量援助。中尼铁路的规划和建设，将为尼泊尔打破尼泊尔"陆锁国"的地理困境，为尼泊尔的经济发展注入新的活力。

中国与尼泊尔的交流合作在各领域，多方面开花，也使"和平"的种子在各处处种下。

在经济领域，中国是尼泊尔第二大贸易伙伴，中尼两国在旅游，

Organized by: Consulate General of Nepal Chengdu
Venue: Chengdu No. 2 Middle School

दृश्यको सहर मात्र होइन, न्यानो हृदय भएका मानिस बस्ने सहर पनि भएको पुष्टि गरेको लेखेकी छिन् ।

अर्का सहभागी लो छि च्रिले भने नेपाललाई चिनियाँ सिग्नेचर प्रोजेक्ट वान बेल्ट एन्ड रोड (बीआरआई) सँग जोडेर चर्चा गरेका छन् ।

"नेपाल बीआरआईमा सामेल भएर अन्तरसीमा पूर्वाधार निर्माणमा दुई देशबिच सहकार्यका खबर निकै उत्साहप्रद छ । नेपालले सधैँ व्यावहारिक प्रयासहरूमार्फत दुई देशीय मित्रतालाई प्रवर्द्धन गर्दै आएको छ । सिछ्वानको छन्दुबाट पोखरासम्म सिधै हवाई सेवा सुरुवात हुनु व्यापार र पर्यटनको लागि अझ सजिलो भएको छ," छि च्रि लेख्छन् ।

यि होङ यु भने इतिहासतिर फर्केका छन् । उनी सम्झन्छन् स्वाङ जाङलाई, जो बौद्ध दर्शनको अध्ययन गर्न चीनका मरुभूमि, हिमाल र पहाड छिचोलेर हजारौं किलोमिटर यात्रा गरेर नेपाल आएका थिए । स्वाङ जाङले आजको नेपाल, भारत, पाकिस्तान र अफगानिस्तानसम्म घुमेर जम्मा गरेका थिए बौद्ध दर्शनका असङ्ख्य कृतिहरू र तिनै कृति चीनमा लगेर चीनमा बुद्धका सन्देश जन-जनको घर-घरमा पुऱ्याएका थिए । आज पनि चीनका हरेक कुनाकाप्चामा बुद्ध गुम्बा र मन्दिरहरू शान्तिको लागि प्रार्थना गरिरहेका छन् । होङ युको इतिहास चर्चा स्वाङ जाङबाट अघि बढेर नेपाली छोरी भृकुटी अनि नेपाली वास्तुकार अरनिकोसम्म पुगेको छ । उनी लेख्छन्, चीनको राजधानी पेइचिङमा आज पनि युआन वंशमा अरनिकोले परिकल्पना गरी बनाएको श्वेत गुम्बा (पाइ था स) उत्तिकै सुन्दर सम्पदा बनी परिचित छ । अनि त्यो गुम्बा दुई देशबिचको लामो सम्बन्धको साक्षी बनेर उभिएको छ ।

"नेपालका केही विद्यालय र विश्वविद्यालयका विद्यार्थीहरूले चिनियाँ गीत गाएको र चिनियाँ गीतमा नाचेको दृश्य देख्दा मलाई निकै खुसी लागेको छ । उनीहरू चिनियाँ भाषा बोल्न र पढ्न पनि सक्छन्, चिनियाँ गीत गाउन मात्र होइन, चिनियाँ परिकार डम्पलिङ पनि बनाउन जानेका छन्," युले आफ्नो निबन्धमा लेखेका छन् ।

ली छोङ युको निबन्धमा भने अझ गहिरो भावना पोखिएको छ । आपसी सम्बन्धका आयाम उनले गहन पाराले केलाएका छन् । उनले लेखेका छन्, सबभन्दा पहिला त आपसी सम्मानले धेरै फरक पार्दछ । कुनै पनि देशले अर्को देशलाई पर धकेल्ने प्रयास गर्नु हुन्न । हामीले एक आपसका भिन्नता स्वीकार्न सिक्नुपर्छ र मिलेर के गर्न सक्छौं भन्ने खोज्नुपर्छ । म सम्झन्छु, कक्षाकोठामा पनि साथीहरूबिचको खास मित्रता आपसका कुरा सुनेर सुरु हुन्छ, हल्ला गरेर होइन । मलाई यही कुराले स्मरण गराउँछ, यदि सबैले देशले आपसका कुरा सुने भने संसारमा यति धेरै द्वन्द्व हुने नै थिएन ।

छोङ युले नेपालीहरू दसैंमा चिनियाँहरूले वसन्त पर्वमा जस्तै परिवार सबै एकै ठाउँमा जम्मा भएर आपसमा शुभासिष बाँड्ने गर्छ भनी चिनियाँ संस्कृतिको नेपालीसमक्ष पहिल्याएका छन् ।

अर्का प्रतियोगी ली ख मिङले शिक्षाको कोणबाट दुई देशबिचको सम्बन्धलाई नियालेका छन् । नेपालमा कन्फुसियस शिक्षालय र चीनमा विभिन्न विश्वविद्यालयमा नेपाली विद्यार्थीको उच्च शिक्षा अध्ययनले एक आपसलाई बुझ्न र नजिक बनाउँदै लगेको आफ्नो बुझाइ निबन्धमा लेखेका छन् ।

ह्वाङ च्या सिन भने दुई देशको सम्बन्धलाई विश्व शान्तिसँग जोडेका छन् । उनले लेखेका छन्, विश्व शान्ति कहिल्यै पनि रित्तो नारा होइन, आजको युगको युवा हुनुको नाताले विश्व शान्तिको रक्षा गर्नु हाम्रो छल्नै नमिल्ने जिम्मेवारी हो । निकै दुःखले आर्जेको यो विश्व शान्तिलाई हामीले संवर्द्धन गर्नुपर्छ र त्यसको लागि चीन र नेपालबिच सम्बन्धको आयामबाट सिक्न जरुरी छ । अझ मेहनत गरेर अध्ययन गरी विश्व शान्ति रक्षा गर्न हाम्रो ज्ञानलाई फराकिलो बनाउँदै जाऔं ।

भौगोलिक रूपमा नजिक भएर पनि हुनुपर्छ, छन्दुका सर्वसाधारणहरू नेपालबारे जानकार मात्र होइन, चासो पनि राख्छन् । कसैलाई दुई देशबिचको इतिहासबोध छ, कसैले नेपाललाई सामाजिक सञ्जालका लघु श्रव्यदृश्यमार्फत चिनेका छन् । कोही भारतीय, पाकिस्तानी र नेपालीहरू एकै खालको देख्छन् । कोही नेपाललाई गरिब देश देख्छन् भने कोही गरिब भएर पनि सुखी मानिसहरूको देश भन्छन् । कोही नेपाललाई चीनको असल छिमेकी भन्छन् भने कोही सधैं राजनीतिक अस्थिरता हुने देश भनेर पनि सोच्छन् ।

नयाँ पुस्ताका अधिकांश युवा विद्यार्थीको लागि नेपालसँग पहिलो परिचय भूगोल कक्षामा हुन्छ । अनि सामाजिक सञ्जालका लघु श्रव्यदृश्यमा । सामान्यतः नेपाल भौगोलिक रूपमा नजिक भएर पनि उनीहरूले कोही पनि नेपालीलाई प्रत्यक्ष देखेका छैनन् । त्यसैले, जेठ १ गते पुरस्कार लिन आएका चिनियाँ विद्यार्थीहरू कालोटोपी र दौरा सुरुवाल अनि साडी लगाएका नेपाली विद्यार्थी देखेर उत्सुक भएर नियालिरहेका थिए ।

तर, पुरस्कार वितरण कार्यक्रममा एक जना वक्ताले भनेजस्तै ती युवाहरूले आफ्नो बाँकी जीवनमा कहिले पनि नेपाललाई भुल्नेछैनन्, बरु मौका पाए तीन घण्टा विमान चढेर काठमाडौं वा पोखरा पुगेर नेपाललाई अझ नजिकबाट चिन्नेछन् ।






# शरीर स्वदेशमा र मन विदेशमा हुनेले देश नबनाउने

✍ इकुश्रे

एउटा विद्यालयको व्यवस्थापन चुस्त र जिम्मेवार बनाउन हाम्रा नीतिले व्यावहारिक कडी खोज्छन् । जसका छोराछोरी सम्बन्धित विद्यालयमा पढ्दैनन्, तिनलाई विद्यालय व्यवस्थापन समितिको नेतृत्व सुम्पिँदा संस्थाप्रति अपनत्व र जिम्मेवारीबोध हुँदैन भन्ने मान्यता राखिन्छ । यो चिन्तन र नियम एकदमै सही र न्यायसम्मत छ, किनकि आफ्ना सन्ततिको भविष्य जोडिएको ठाउँमा मात्र मानिसले आफ्नो सम्पूर्ण ऊर्जा र निष्ठा लगानी गर्छ । त्यस्तै, शिक्षक जुन विद्यालयमा पढाउँछन्, तिनले आफ्ना छोराछोरी पनि त्यही विद्यालयमा पढाउनुपर्छ भन्ने कुरा पनि चर्चामा आएको आएको आयै छ । यो कुरा पनि ज्यादै राम्रो छ किनभने आफ्ना छोराछोरी पढ्ने विद्यालयलाई शिक्षकले अझ राम्रो बनाउने प्रयास गर्छन् नै । तर, यिनै कडीलाई अलि बृहत् क्यानभासमा राखेर हेर्ने हो भने एउटा गम्भीर र विचारणीय प्रश्न खडा हुन्छ; विद्यालय सुधार्न आफ्ना सन्तान त्यहीं हुनुपर्ने, अनि देश सुधार्ने र हाँक्ने ठाउँमा बस्नेहरूको परिवार र भविष्य भने सधैं विदेशमा सुरक्षित हुनुपर्ने ?

जब देशका नीतिनिर्माता, मन्त्री, प्रधानमन्त्री, न्यायाधीश वा सुरक्षा निकायका उच्च अधिकारीका परिवार, श्रीमती र छोराछोरी स्थायी रूपमा विदेशमा बस्छन्, तब तिनको आत्मिक सम्बन्ध यो माटोसँग कति प्रतिशत बाँकी रहला ? यो कुनै पूर्वाग्रह होइन, मानव मनोविज्ञानको एउटा स्वाभाविक पाटो हो । मानिसको मन र भविष्य जहाँ उसका सन्तान छन्, त्यहीं खेलिरहेको हुन्छ । आफ्ना छोराछोरी विदेशी भूमिमा सेटल भइसकेका नेतृत्वकर्ताका लागि यो देश सेवाअवधि कटाउने, शक्ति अभ्यास गर्ने वा सत्ताको स्वाद चाख्ने 'कामचलाउ थलो' मात्र बन्न पुग्छ ।

विद्यालय बिग्रँदा एउटा पुस्ता वा एउटा टोल मात्र प्रभावित होला, तर देशको नेतृत्व तहमा बस्नेहरूको निष्ठा डगमगाउँदा सिङ्गो राष्ट्रकै भविष्य अन्धकारमा धकेलिन्छ । जसको परिवार र भविष्य यो देशमा जोडिएको छैन, उसले देशका सरकारी अस्पतालको दुर्गति सुधार्छ वा सार्वजनिक शिक्षाको स्तर उकास्छ भनेर कसरी अपेक्षा गर्ने ? यहाँ सदाचार र सुशासनका पक्षमा केही राम्रा काम गर्ला भनेर कसरी पत्याउने ? उनीहरूका लागि यहाँका भोकमरी, महँगी र अव्यवस्था कानुनी फाइल र भाषणका विषय मात्र हुन्, जसले उनीहरूको व्यक्तिगत जीवनलाई छुँदा पनि छुँदैन ।

त्यसैले, जसरी विद्यालयको हितका लागि अभिभावकत्वको कडी खोजिन्छ, त्यसरी नै राष्ट्रको हितका लागि नेतृत्वमा रहनेहरूको पूर्ण प्रतिबद्धता र पारिवारिक सामीप्य यही माटोसँग हुन जरुरी छ । जो पायो उसैलाई देश सुम्पने परिपाटीले अन्तत: राज्यका संयन्त्रहरूलाई खोक्रो बनाउँछ । गणतन्त्र दिवस मनाइरहँदा र संविधान संशोधनको कुरा चलिरहँदा अब समय आएको छ, जनप्रतिनिधि र उच्च ओहोदामा पुग्नेहरूका लागि पनि यस्तो राष्ट्रिय मापदण्ड बनोस्, जसले तिनको मन र भविष्य यही देशको भूगोलभित्र बाँधोस् । जसको शरीर स्वदेशमा र मन विदेशमा छ भने उसले देश बनाउँछ भनेर पत्याउन गाह्रो छ ।




प्रजातान्त्रिक जनगणतन्त्र कोरियाको एक तटीय जिल्लामा कोरियाली जनसेनाको रक्षा शास्त्र प्रतिष्ठानले नयाँ विकास गरेको कम भारका बहुआयामिक रणनीतिक क्रुज मिसाइल परीक्षण प्रक्षेपणको प्रत्यक्ष अनुगमन गर्दै कोरियाली मजदुर पार्टीका महासचिव एवं प्रजग कोरिया राष्ट्रिय मामिला आयोगका अध्यक्ष मार्शल किम जोङ उनलगायत सेनाका वरिष्ठ अधिकारीहरू मे २७, २०२६ का दिन ।

*तस्बिर : केसिएनए*

# हर्मुजमा शुल्क लगाउने इरानी निकायमाथि अमेरिकी प्रतिबन्ध

वासिङ्टन, २८ मे (एएफपी) । रणनीतिक हर्मुज जलडमरु हुँदै हुने समुद्री आवागमनबाट शुल्क उठाउने इरानी निकायमाथि अमेरिकाले नयाँ प्रतिबन्ध घोषणा गर्दै तेहरानमाथिको आर्थिक दबाब अझ कडा बनाएको छ । अमेरिकी अर्थ मन्त्रालयले बुधबार इरानको 'पर्सियन गल्फ स्ट्रेट अथोरिटी' विरुद्ध प्रतिबन्ध लगाएको घोषणा गरेको हो ।

अमेरिकाका अनुसार उक्त निकायले हर्मुज जलडमरु प्रयोग गर्ने जहाजहरूबाट शुल्क असुल्ने व्यवस्था सञ्चालन गर्दै आएको छ । विश्व ऊर्जा आपूर्तिको महत्त्वपूर्ण मार्ग मानिने यस जलमार्गसँग सम्बन्धित नयाँ कदमलाई वासिङ्टनले इरानमाथि आर्थिक नियन्त्रण कडा पार्ने प्रयासका रूपमा प्रस्तुत गरेको छ ।

अमेरिकी अर्थमन्त्री स्कट बेसेन्टले जारी विज्ञप्तिमा इरानी सेनाले विश्वव्यापी समुद्री व्यापारबाट आर्थिक लाभ उठाउने पछिल्लो प्रयासले तेहरान नगद अभावको दबाबमा परेको सङ्केत दिएको दाबी गरेकी छिन् । उनले इरानी नेतृत्वले आफ्नो कार्यक्रम सञ्चालन गर्न नयाँ राजस्व स्रोत खोजिरहेको दाबी गरिन् ।

विज्ञप्तिअनुसार हर्मुजमार्फत यात्रा गर्न शुल्क तिर्ने व्यक्ति वा संस्थाहरू पनि अमेरिकी प्रतिबन्धको दायरामा पर्न सक्ने चेतावनी दिइएको छ । मन्त्रालयले त्यस्ता भुक्तानीहरूलाई इरानको रिभोलुसनरी गार्ड्सलाई सहयोग वा सेवा उपलब्ध गराएको रूपमा व्याख्या गर्न सकिने उल्लेख गरेको छ ।

बेसेन्टले अमेरिकाले इरानी शासनलाई उसका हतियार कार्यक्रम, क्षेत्रीय सशस्त्र सहयोगी समूह तथा आणविक महत्त्वाकाङ्क्षाका लागि आवश्यक आर्थिक स्रोतबाट वञ्चित गर्न काम गरिरहेको बताइन् । विज्ञप्तिमा अमेरिकाले तेहरानलाई 'दसौं अर्ब डलर बराबरको सम्भावित राजस्व पहुँचबाट टाढा राख्न' सफलता हासिल गरेको दाबी पनि गरिएको छ ।



यसैबिच, पर्सियन गल्फ स्ट्रेट अथोरिटीले मई २० मा सामाजिक सञ्जाल एक्समा आफ्नो भनिएको 'नियामक क्षेत्राधिकार' स्पष्ट पार्ने नक्सा सार्वजनिक गरेको थियो । उक्त नक्सामा हर्मुज जलडमरुका दुवै किनारतर्फ रातो रेखा कोरेर मार्ग प्रयोगका लागि इरानी स्वीकृति आवश्यक पर्ने क्षेत्रहरू देखाइएको थियो ।

युद्ध र कूटनीतिक तनावबिच यो विवाद थप संवेदनशील बनेको छ । अमेरिकी र इरानी सेनाले अप्रिल ८ यता युद्धविरामको पालना गर्दै आएका भए पनि राजनीतिक समाधानका लागि कूटनीतिक प्रयास जारी छन् । त्यसका बाबजुद हर्मुज हुँदै हुने खाडी क्षेत्रको जलपरिवहनमा इरानको नियन्त्रण अझ कडा बनेको अमेरिकी पक्षको आरोप छ भने पछिल्ला दिनहरूमा अमेरिकाले इरानी लक्ष्यहरूमा सैन्य आक्रमणसमेत सुरु गरेको छ ।

इरानको विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बाकाईले सोमबार तेहरानले रणनीतिक हर्मुज मार्गको ट्राफिक व्यवस्थापन जारी राख्ने बताउनुभएको थियो । विश्वको करिब २० प्रतिशत तेल तथा प्राकृतिक ग्यास पारगमन हुने यस समुद्री मार्गमा इरानले 'टोल' नभई 'नेभिगेसनल सेवा' उपलब्ध गराएबापत शुल्क लिइरहेको उहाँको दाबी थियो ।

फेब्रुअरी २८ मा अमेरिका र इजरायलले इस्लामिक गणतन्त्रमाथि आक्रमण गरेपछि सुरु भएको युद्धमा इरानले क्षेत्रभर मिसाइल र ड्रोन आक्रमणमार्फत प्रतिकार गरेको घटनाक्रम पनि यस तनावपूर्ण पृष्ठभूमिसँग जोडिएको छ ।

# कुवेतमा इरानको प्रतिकात्मक ड्रोन हमला

दुबई, २८ मे (एपी) । इरान युद्धमा कायम गरिएको नाजुक युद्धविराममाथि फेरि प्रश्न उठ्ने गरी कुवेतले बिहीबार आफूले मिसाइल र ड्रोन हमलाको सामना गरेको जनाएको छ । अमेरिकाले इरानविरुद्ध आक्रमण तीव्र बनाएको र तेहरानले त्यसको प्रतिकार गरिरहेको दाबी गरिरहेका बेला आएको यो घटनाले मध्यपूर्वको सुरक्षा अवस्थालाई थप तनावपूर्ण बनाएको छ ।

कुवेती सेनाले सार्वजनिक गरेको सङ्क्षिप्त घोषणामा मिसाइल तथा ड्रोन आक्रमण भएको पुष्टि गरिएको भए पनि कुन स्थान वा संरचनालाई निशाना बनाइएको थियो भन्नेबारे कुनै विवरण दिइएको छैन । घटनाको जिम्मेवारी पनि तत्काल कसैले लिएको छैन ।

युद्धको अवधिभर कुवेत यसअघि पनि इरान तथा इरानसमर्थित शिया मिलिसियाबाट इराक क्षेत्र हुँदै बारम्बार आक्रमणको जोखिममा पर्दै आएको पृष्ठभूमिमा नयाँ घटनाले पुराना सुरक्षा चिन्ताहरूलाई पुन: जीवित बनाएको छ ।

यो घोषणा तेहरान र वासिङ्टनबिच युद्धविराम कायम राख्ने प्रयास तथा जारी कूटनीतिक वार्ताका बिच आएको हो । यद्यपि, ती प्रयासका बाबजुद विश्व ऊर्जा आपूर्तिका लागि अत्यन्त महत्त्वपूर्ण मानिने स्ट्रेट अफ हर्मुज अझै पूर्ण रूपमा पुन: सञ्चालनमा आउन सकेको छैन ।

पर्सियन खाडीको साँघुरो प्रवेशद्वारका रूपमा रहेको उक्त जलडमरुबाट कुनै समय विश्वव्यापी तेल तथा प्राकृतिक ग्यास व्यापारको करिब पाँचौं हिस्सा आवतजावत गर्ने गर्दथ्यो । यसको अवरोधले अन्तर्राष्ट्रिय ऊर्जा आपूर्तिमा गम्भीर असर पारेको छ र विज्ञहरूले आगामी साताहरूमा ऊर्जा अभाव अझ चर्किन सक्ने चेतावनी दिँदै आएका छन् ।

यसैबिच, अमेरिकाले इरानलाई उच्च स्तरमा संवर्धन गरिएको युरेनियमको मौज्दात त्याग्न दबाब दिइरहेको छ । अर्कोतर्फ, इस्लामिक गणतन्त्र इरानले आर्थिक प्रतिबन्ध हटाउन तथा रोक्का गरिएका सम्पत्तिहरू फुकुवा गराएर कमजोर बन्दै गएको अर्थतन्त्रलाई राहत दिन खोजिरहेको छ ।

बिहीबार बिहान अमेरिकी अधिकारीहरूले दिएको जानकारीअनुसार अमेरिकी सेन्ट्रल कमान्डअन्तर्गतका फौजले स्ट्रेट अफ हर्मुज आसपास खतरा उत्पन्न गरिरहेका चारवटा इरानी एकतर्फी आक्रमणकारी ड्रोन खसालेका छन् । सार्वजनिक रूपमा बोल्न अधिकार नभएका र नाम गोप्य राख्ने सर्तमा बोलेका अधिकारीहरूका अनुसार अमेरिकी सेनाले पाँचौं ड्रोन प्रक्षेपणको तयारी भइरहेको भन्दै बन्दर अब्बासस्थित इरानी भू-नियन्त्रण केन्द्रमाथि पनि आक्रमण गरेको थियो ।

इरानको अर्धसैनिक क्रान्तिकारी गार्डले भने राज्य सञ्चालित इरना समाचार एजेन्सीमार्फत बन्दर अब्बास अन्तर्राष्ट्रिय विमानस्थल आसपास भएको आक्रमण स्वीकार गरेको छ । दोहोरो प्रयोग हुने उक्त विमानस्थल क्षेत्रलाई लक्ष्य बनाइएको स्वीकार गर्दै गार्डले आक्रमण सुरु गरिएको भनिएको हवाई अड्डामाथि आफ्नै प्रतिआक्रमण गरिएको दाबी पनि गरेको छ ।

तर, इरानी पक्षले कुन लक्ष्यमा जवाफी कारबाही गरिएको हो भन्नेबारे विस्तृत जानकारी दिएको छैन । साथै, बन्दर अब्बास क्षेत्रमा भएको सैन्य गतिविधि र कुवेतमा रिपोर्ट गरिएको मिसाइल तथा ड्रोन आक्रमणबिच प्रत्यक्ष सम्बन्ध थियो वा थिएन भन्ने विषय पनि तत्काल स्पष्ट हुन सकेको छैन ।

## विश्व सङ्क्षेप

# जापानी सवारी उद्योगमा मध्यपूर्व द्वन्द्वको असर

टोकियो, २८ मे (सिन्ह्वा) । टोयोटाको जापानबाट मध्यपूर्वतर्फ हुने निर्यात अप्रिल महिनामा ९१.७ प्रतिशतले घटेको छ । जारी क्षेत्रीय द्वन्द्वका कारण व्यापारमा असर पर्दा निर्यात केवल दुई हजार ४१८ युनिटमा सीमित भएको कम्पनीले बिहीबार जनाएको छ ।

कम्पनीका अनुसार अप्रिलमा टोयोटाको विश्वव्यापी बिक्री ३.१ प्रतिशतले घटेर ८ लाख ४९ हजार ३०६ सवारीसाधनमा पुगेको छ । यससँगै लगातार तेस्रो महिनासम्म बिक्री घट्ने क्रम जारी रहेको छ । तर, विश्वव्यापी उत्पादन भने २ प्रतिशतले बढेर ८ लाख ३१ हजार ९७१ युनिट पुगेको छ, जुन अप्रिल महिनाकै लागि रेकर्ड उच्च उत्पादन हो ।

विदेशी बजारमा टोयोटाको बिक्री ७.५ प्रतिशतले घटेर ६ लाख ९९ हजार ३८२ युनिटमा झरेको छ । अमेरिकामा बिक्री ४.६ प्रतिशतले घटेर २ लाख २२ हजार ३७८ युनिट पुगेको भने मध्यपूर्वमा बिक्री ३३.७ प्रतिशतले घटेर ३१ हजार ३६० युनिटमा सीमित भएको छ ।

यता जापानभित्रको घरेलु बिक्री भने २४.२ प्रतिशतले बढेर १ लाख ४९ हजार ९२४ युनिट पुगेको कम्पनीले जनाएको छ । मार्च अन्त्यमा वातावरणीय प्रदर्शन कर हटाइने घोषणा भएपछि खरिद स्थगित गरेका उपभोक्ताहरू पुन: बजारमा फर्किएपछि बिक्री बढेको बताइएको छ ।

उत्पादनतर्फ, टोयोटाको विदेशी उत्पादन ३.८ प्रतिशतले बढेर ५ लाख ६७ हजार ५७८ युनिट पुगेको छ भने जापानभित्रको उत्पादन १.७ प्रतिशतले घटेर २ लाख ६४ हजार ३९३ युनिटमा झरेको छ ।

# इजरायल–हिजबुल्लाह सङ्घर्षमा इजरायली सैनिकको मृत्यु, सीमा क्षेत्रमा तनाव बढ्दै

इजरायल, २८ मे (सिन्ह्वा) । इजरायली सेनाले बिहीबार जनाएको अनुसार लेबनान सीमाना नजिक हिजबुल्लाहको ड्रोन आक्रमणमा एक सैनिकको मृत्यु भएको छ । यससँगै इरान समर्थित समूहसँग जारी युद्धमा मारिने इजरायली सैनिकहरूको सङ्ख्या २४ पुगेको छ ।

सेनाका अनुसार मृत्यु हुने सैनिक २० वर्षीया सार्जेन्ट रोतेम यानाइ हुन् । उनी उत्तरी इजरायलमा सञ्चालन भइरहेको सैन्य गतिविधिका क्रममा मारिएको बताइएको छ ।

सोही घटनामा एक रिजर्भ सैनिक गम्भीर रूपमा घाइते भएका छन् भने अर्को मध्यम रूपमा घाइते भएका छन् । इजरायली सेनाले उक्त आक्रमण हिजबुल्लाहको विस्फोटक ड्रोनबाट भएको पुष्टि गरेको छ ।

युद्ध सुरु भएयता हालसम्म २३ सैनिक र एक नागरिक ठेकेदारसहित कुल २४ इजरायलीको मृत्यु भएको छ ।

इजरायली सेनाले बुधबार लेबनानको जाजानी नदीभन्दा दक्षिणका सबै क्षेत्रलाई 'युद्ध क्षेत्र' घोषणा गर्दै स्थानीय बासिन्दालाई खाली गर्न चेतावनी जारी गरेको छ । यो कदम अप्रिल १७ को युद्धविरामपछि पहिलोपटक गरिएको ठुलो स्तरको चेतावनी मानिएको छ ।

# अमेरिका–इरान तनावले फेरि बढ्यो तेलको मूल्य, एसियाली शेयर बजारमा गिरावट

तेहरान,१४ जेठ (एएफपी) । इरानमाथि अमेरिकाले नयाँ सैन्य कारबाही गरेपछि बिहीबार अन्तर्राष्ट्रिय बजारमा तेलको मूल्य फेरि बढेको छ भने अधिकांश एशियाली शेयर बजारमा गिरावट आएको छ । मध्यपूर्व युद्धविराम कमजोर बन्दै गएको सङ्केतसँगै बजारमा पुन: तनाव देखिएको हो ।

बुधबार सम्भावित शान्ति सम्झौताप्रति आशा बढेपछि तेलको मूल्य घटेको थियो । तर नयाँ घटनाक्रमपछि उक्त गिरावट धेरै हदसम्म मेटिएको छ । युद्धका कारण महत्त्वपूर्ण हर्मुज जलडमरूमध्यमार्फत हुने ढुवानी महिनौंदेखि प्रभावित हुँदै आएको छ ।

अमेरिकी अधिकारीका अनुसार अमेरिकी सेनाले इरानका चार ड्रोन खसाल्नुका साथै दक्षिणी सहर बन्दर अब्बासस्थित एक नियन्त्रण केन्द्रमा आक्रमण गरेको छ । नाम नखुलाउने सर्तमा ती अधिकारीले कारबाहीलाई 'सन्तुलित, पूर्ण रूपमा रक्षात्मक र युद्धविराम कायम राख्न लक्षित' बताएका छन् ।

इरानको सरकारी सञ्चारमाध्यमले भने इरानी सेनाले जलडमरू क्षेत्रमा चार जहाजमाथि गोली प्रहार गरेको जनाएको छ । यता कुवेतले आफ्नो हवाई सुरक्षा प्रणालीले मिसाइल र ड्रोन आक्रमणको जवाफ दिइरहेको जनाएको छ ।

यी घटनाक्रमबिच एक इरानी अधिकारीले अमेरिका-इरानबिच पुन: ठुलो युद्ध हुने सम्भावना कम रहेको बताएका छन् । तर अमेरिकी राष्ट्रपतिले शान्ति सम्झौता नभए 'काम समाप्त गरिने' चेतावनी दिएका छन् ।

यसले मध्यपूर्व युद्ध अन्त्यका लागि भइरहेका वार्ता अझै अस्थिर अवस्थामा रहेको सङ्केत दिएको छ, जसले विश्व ऊर्जा बजारमा गम्भीर प्रभाव पारिरहेको छ ।

अन्तर्राष्ट्रिय मापदण्ड कच्चा तेलको मूल्य बिहीबार बिहानको कारोबारमा १.८ प्रतिशतले बढेर प्रतिब्यारेल ९५.९५ डलर पुगेको छ । अमेरिकी कच्चा तेलको मूल्य पनि १.७ प्रतिशतले बढेर ९०.१७ डलर पुगेको छ ।

एशियाली शेयर बजारहरूमा भने अधिकांश सूचकाङ्क घटेका छन् । हङकङको प्रमुख सूचकाङ्क १.५ प्रतिशतभन्दा बढीले ओरालो लागेको छ ।

# नवउदारवादको हतियार आइतबारे बिदा !

✍ सञ्जय

विश्वका विभिन्न देशमा झैँ नेपालमा पनि कम्युनिस्ट प्रभाव बढेको जगजाहेर छ । उत्तर छिमेकी मित्र राष्ट्र चीनको विश्वमा सुमधुर सम्बन्ध बढेको बढेकै छ । चीन आर्थिक, प्राविधिक, वैज्ञानिक, सामरिक, सांस्कृतिक, औद्योगिक आदि क्षेत्रमा अमेरिकालाई उछिनेर अगाडि बढ्दै छ । यसले अमेरिकाको एकछत्र हैकम तोड्दैको छ । डलरको साम्राज्य पनि विश्वमा अन्त्य




हुँदै छ । त्यसको ठाउँमा ब्रिक्स देशहरूको युवान रुबललगायतका कारोबार अगाडि बढ्दै छ । त्यसैले आफ्नो हैकम, आदेश विश्वमा कायमै राख्न चीनलाई पछार्न उपयुक्त भूमि भनेको नेपाल हो ।

देशमा बहुदल वा प्रजातन्त्र आएपछि धेरै वर्ष अगाडिदेखि देशमा एनजीओ, आइएनजीओ लागेको थियो । कसैको सहयोगमा कुनै न कुनै स्वार्थ लुकेको हुन्छ । सित्तैमा दिने भनिएको ५५ अर्बको धनराशिको प्रतिफल एमसीसी सम्झौताको देशघाती परिणाम देखिन थालेको छ । त्यस्तो सहयोगमा कुनै न कुनै स्वार्थ लुकेकै हुन्छ । यसलाई विगतमा शासकहरूले बुझेनन् । उनीहरू अमेरिकाको लोभमा डुबे; धम्की र आदेशको अगाडि झुके । त्यसैको शिकार उनीहरू भए । त्यसको परिणाम देश र जनताले भोग्दै छन् ।

युक्रेनमा पश्चिमाहरूले सोभियत सङ्घलाई पछार्न त्यस्तै हतियार प्रयोग गरेका थिए । विगतमा सोभियत सङ्घमा र हाल युक्रेनमा यस्तै हतियार उनीहरूले प्रयोग गरे । उनीहरूले त्यहाँका कठिन युवा विद्यार्थीहरूलाई सहयोग गरेर उपद्रोव गर्न लगाएका थिए । परिणाम सोभियत सङ्घको कम्युनिस्ट सरकारलाई १९९० मा विघटन गराएर देशलाई १५ टुक्रा पारियो; आर्थिक, शैक्षिक अवस्था डामाडोल पारियो । खान, लाउन, पढ्न, रोजगारी पाउन कुनै समस्या नभएको देशलाई एक टुक्रा पाउरोटी किन्न पनि घण्टा लाइन बस्न बाध्य पारियो । भाइ फुटे गँवार लुटे भनेझैँ तिनीहरूका दाजुभाइ युक्रेनलाई आज रुससँग भिडाउँदै छन् । उनीहरूले जेलेन्स्कीको काँधमा बन्दुक अड्याएर रुसमाथि आक्रमण गर्दै छन् । उनीहरूले यस्तै हतियारमार्फत युवा विद्यार्थीलाई उपद्रोव गर्न लगाएर जेलेन्स्कीभन्दा अगाडिका जननिर्वाचित देशभक्त राष्ट्रपति भिक्टर यानुकोभिचलाई अपदस्थ गराए । सबै प्रकारको सहयोग दिएर उनीहरूले कठपुतली जेलेन्स्कीलाई राष्ट्रपतिमा जिताए । त्यसको सावाँ ब्याज उनीहरू उठाउँदै छन् । नेपालमा पनि उनीहरूले बालेनलाई नेपाल जेलेन्स्की बनाउन बेर लाग्दैन । यसमा नेपाली जनता सचेत हुनु आवश्यक छ ।

सरकारले नवउदारवादको हतियार देशको सुन्दर भविष्यको दिशा निर्देश गर्ने महत्त्वपूर्ण शिक्षा क्षेत्रमा प्रहार गर्दै छ । मध्यपूर्वको तनावलाई निहुँ बनाएर देशमा इन्धनको खपत कम गर्न शैक्षिक क्षेत्रमा आइतबार बिदा दिने घोषणा गर्यो । नेपाली हावापानी, माटो, संस्कृति सुहाउँदो शैक्षिक प्रणालीलाई डामाडोल पार्दै छ । शैक्षिक सत्रको अन्तिम महिना चैतको आधाआधीमै परीक्षाको सबै काम सकाएर विद्यालयले भर्ना अभियान चलाउँदै आएको थियो । नयाँ वर्ष वैशाखको २ गतेबाटै कक्षा सञ्चालन हुँदै आएको थियो । तर, सरकारले वैशाख १५ गतेदेखि भर्ना अभियान र वैशाख २१ गतेदेखि मात्र कक्षा सञ्चालन गर्न उर्दी जारी गर्‍यो ।

सरकारको यो उर्दीले देशमा विद्यार्थी भाइबहिनीहरू करिब १ महिना घरमै बस्न बाध्य भए । यसले एकातिर अभिभावकलाई सास्ती, विद्यार्थी भाइबहिनीहरू कुलत, कुबाटो लाग्ने, मोबाइल हेरेर दुःख दिने, सुरक्षा नहुने, डिप्रेसनमा जाने आदि समस्या उत्पन्न हुने अर्कोतिर समयमा कोर्स नसकिने हुँदा यसको बुद्धिजीवी, बौद्धिक वर्ग, शिक्षाप्रति संवेदनशील विभिन्न शैक्षिक सरोकारवाला संस्थाहरू, अभिभावकवर्गले विरोध गरे । यो उर्दीलाई देश र विद्यार्थीको भविष्यप्रति संवेदनशील काठमाडौँलगायत देशभरका शैक्षिक संस्थाहरूले मानेनन्, विद्यालय सञ्चालन गरे । देशका ७५३ नगरपालिकामध्ये करिब आधी नगरपालिकाहरूले विद्यालय सञ्चालन गरेको सुन्नमा आएको छ ।

ती शैक्षिक संस्थाहरूले वार्षिक पाठ्यक्रम र मागअनुसार शैक्षिक योजना, क्यालेन्डर बनाई अगाडि बढिसकेको हुँदा त्यहीअनुसार विद्यालय सञ्चालन गर्छौं भनी चलाए । यो बिदाले बहुसङ्ख्यक गरिब जनताका छोराछोरी पढ्न पाउने छैनन् । त्यहाँ पढाइमा प्रभावित हुनेछ । अनि विद्यार्थी छैन भनी त्यसको निहुँमा विद्यालय मर्ज गर्दै लानेछ । तर, सरकारी शैक्षिक संस्था जोगाउन कुनै पनि सरकारले आजसम्म सरकारी तलब सुविधा खाने राष्ट्रपतिदेखि कार्यालय सहयोगीसम्मका सन्तानलाई भर्ना गरी रेखदेख गर्न आँट गरेका छैनन् । सरकारी शैक्षिक संस्थामा विद्यार्थी नहुनु, नचल्नुको मुख्य जिम्मेवार दोषी भनेको सरकार नै हो । सरकारी अस्पताल जोगाउन, सरकारी तलब सुविधा खानेका सबैले विदेशमा होइन; निजी अस्पतालमा होइन; सरकारी अस्पतालमै अनिवार्य उपचार गराउनुको साथै समय समयमा निरीक्षण पनि गर्नुपर्छ । अझ आफ्नै नगरपालिका, गाउँपालिकाका नागरिकले यहीँ ठाउँको सरकारी विद्यालयमा पढाउनुपर्ने, त्यहीँ ठाउँको स्वास्थ्य संस्था अस्पतालमा उपचार गर्ने र बस्नुपर्ने बन्दोबस्त गर्न सकेको खण्डमा देशको सन्तुलित विकास हुनेछ । अमेरिका र इजरायलले इरानमाथि आक्रमण गरेर सिर्जित युद्धको कारण इन्धन अभावको समस्यालाई कम गर्न वैशाख १५ गतेदेखि भर्ना अभियान, वैशाख २१ गतेदेखि मात्र कक्षा सञ्चालन र आइतबार बिदा दिने निर्णय घोषणा बहानामात्र भएको समयले देखाउँदै छ ।

देशको स्वाभिमान, स्वाधीनता, देशभक्तिपूर्ण इतिहास, संस्कृतिलाई ध्वस्त पार्न, शैक्षिक अवस्था र प्रणालीलाई डामाडोल गर्न पश्चिमाकरण गर्दै छ । पछि नयाँको नाममा विश्व परिवेशको नाममा पाठ्यक्रम, पाठयपुस्तक पनि फेर्दै लाने छ । त्यसले सार्वभौम देशभक्त नेपाली होइन जेलेन्स्की, लेन्डुप दोर्जे, चन्द्रशेखर उपाध्याय, गजराज मिश्रजस्ता दलालहरू, देशद्रोही तयार गर्नेछ ।

देशमा इन्धन अभाव भएको झूट हो भन्ने कुरा इरानले छिमेकी मित्रराष्ट्र चीन र भारत अनि नेपाललाई इन्धन पठाउन नरोकेबाट पुष्टि गर्छ । उनीहरूका मालिक आक्रमणकारी, साम्राज्यवादी, उपनिवेशवादी देशहरूलाई भने इन्धन रोकेको साँचो हो । त्यसैले नेपालमा इन्धनको अभाव त्यति देखिँदैन । बरु त्यसको बहानामा इन्धन, मललगायतका प्रायः कृत्रिम अभाव गरिन्छ । जनतामाथि नाफाको लुटतन्त्र मच्चाउँछ । यसको मूकदर्शक सरकार बुँख्याचाजस्तो टुलुटुलु हेरिरहेको छ । यदि देश र जनताको हित चाहने, काम गर्ने देशभक्त सरकार भइदिएको भए इन्धनलगायत अन्य उपभोग्य वस्तुको भाउ घटाएर सहज बन्दोबस्त गर्नुपर्ने थियो । सामानको मूल्य बढाउने र लुकाउने अपराधीलाई जेलमा कोच्नुपर्ने थियो ।

नेपाल, अमेरिका र युरोप होइन तर देशलाई चीनलाई अप्ठेरोमा पार्न उनीहरूको कठपुतली बनाउन उपनिवेश जमाउन काम गर्दै छ । नेपाल शैक्षिक आर्थिक विकासमा पिछडिएको गरिब देश हो । देशको विदेशी ऋण ३० खर्ब पुगिसकेको छ । पश्चिमा देशहरूमा आइतबार बिदा दिइएको हुँदा त्यसको अन्ध नक्कल नेपालमा पनि गर्ने चेष्टा सरकार गर्दै छ । फेरि यो दिन बिदा दिनुको कारण क्रिश्चियनहरूको प्रार्थना गर्ने दिन हो । यहाँ क्रिश्चियन बढाउन पश्चिमा नीति लागु गर्न आइतबार बिदा दिएको सुन्नमा आएको छ । विद्यार्थीहरू पाठ्यक्रमअनुसार पूरा पढ्न पाउँदैनन् । यसले देशमा कस्तो विद्यार्थी, जनशक्ति तयार हुन्छ ? सोचनीय छ ।

यो आइतबारे बिदाले स्वास्थ्य क्षेत्रमा पनि डामाडोल पार्नेछ । यसले बहुमत गरिब जनता उपचारबाट वञ्चित हुनेछन् । सरकारी अस्पतालमा बिरामीको चाप बढिरहेको वर्तमान समयमा यो बिदाले जनतालाई भार पर्नेछ । बिरामीको चापले, असहजताले उपचार नै नगरी बरु मरोस् भनी फर्कन जनतालाई बाध्य पार्नेछन् । शुक्रबार अपरेसन गर्न मिलेन भने बाध्य भएर तीन दिनपछि सोमबार मात्र अप्रेसन गर्नुपर्ने हुन्छ । यसले जटिल रोगको बिरामी तुरुन्त उपचार गर्न नपाइ मर्ने सम्भावना बढ्नेछ । यो बिदाले सरकारी माना खाने (देशभक्त) डाक्टरलाई पनि निजी अस्पताल, क्लिनिकमा जानु भनेर पठाउने हुन्छ । उनीहरू पनि बाध्य भएर निजी अस्पतालमा वा क्लिनिकहरू धाउने छन् । सरकारी अस्पतालभन्दा निजी अस्पताल र क्लिनिकमा बढी आम्दानी हुने हुँदा स्वास्थ्यकर्मीहरू पनि सांसदहरूजस्तो सरकारी अस्पतालमा हाजिर गरेर त्यतातिर दौडेर गएमा आश्चर्य मान्नुपर्ने छैन । नवउदारवादले भन्छ, सरकारले सेवा र व्यापार गर्ने होइन आम्दानी, नाफा कमाउने होइन; निजी क्षेत्र वा व्यापारीलाई दिनुपर्छ । त्यो व्यक्ति, व्यापारी, निजी कम्पनीले गर्ने हो । वर्तमान बालेन सरकार त्यतातिर लाग्दै गरेको सबैले अनुभव गर्दै छन् । यसरी सरकार देशको शिक्षा र स्वास्थ्य क्षेत्रमा नवउदारवादको हतियार आइतबार बिदा गर्दै छ । यसबारे विद्यार्थी, अभिभावक, शिक्षक, प्राध्यापक जनता सचेत हुनु जरुरी छ ।

# केन्याको विद्यालय आगलागीमा मृत्यु हुनेको सङ्ख्या १६ पुग्यो

गिलगिल, १४ जेठ (सिन्हुवा) । केन्याको उत्तरपश्चिम क्षेत्रमा रहेको एक विद्यालयमा भएको भीषण आगलागीमा मृत्यु हुनेको सङ्ख्या १६ पुगेको छ । उपचारका क्रममा थप ६ विद्यार्थीको मृत्यु भएपछि मृतक सङ्ख्या बढेको प्रहरीले बिहीबार पुष्टि गरेको हो ।

यो घटना नकुरु काउन्टीको गिलगिल क्षेत्रमा रहेको उतुमिशी गर्ल्स एकेडेमीको छात्रावासमा स्थानीय समयअनुसार बिहीबार बिहान करिब १ बजे भएको हो । आगलागी हुँदा अधिकांश विद्यार्थी छात्रावासमा सुतिरहेका थिए । प्रारम्भिक घटनामा १० जनाको मृत्यु भएको थियो भने पछि गम्भीर घाइतेमध्ये थप ६ जनाले ज्यान गुमाएका हुन् ।

प्रहरीका अनुसार आगलागीपछि छात्रावासमा अफरातफरी मच्चिएको थियो । उद्धार टोली, स्थानीय बासिन्दा र सुरक्षाकर्मीले तत्काल उद्धार अभियान सञ्चालन गरेका थिए । घटनास्थलबाट धेरै विद्यार्थीलाई बाहिर निकालेर विभिन्न अस्पतालमा पुर्‍याइएको थियो ।

हाल ७० भन्दा बढी विद्यार्थी विभिन्न अस्पतालमा उपचाररत रहेका छन् । घाइतेमध्ये कतिपयको शरीरमा गम्भीर जलन भएको बताइएको छ । प्रहरी प्रतिवेदनअनुसार अधिकांश घाइतेको अवस्था स्थिर रहे पनि केहीको अवस्था अझै चिन्ताजनक रहेको छ ।

विद्यालय प्रशासनले घटनाप्रति गहिरो दुःख व्यक्त गर्दै पीडित परिवारप्रति समवेदना जनाएको छ । घटनापछि अभिभावक र स्थानीय बासिन्दा विद्यालय परिसरमा जम्मा भएका थिए ।

प्रहरी र अग्नि अनुसन्धान टोलीले आगलागीको कारण पत्ता लगाउन अनुसन्धान सुरु गरेका छन् । प्रारम्भिक अनुसन्धानमा विद्युत् सर्ट सर्किट वा अन्य प्राविधिक कारण हुन सक्ने अनुमान गरिएको भए पनि आधिकारिक कारण सार्वजनिक गरिएको छैन ।

केन्यामा पछिल्ला वर्षहरूमा विद्यालय छात्रावासमा आगलागीका घटना दोहोरिँदै आएका छन् । कमजोर सुरक्षा व्यवस्था, आपतकालीन निकासको अभाव र भीडभाडयुक्त छात्रावासलाई यस्ता दुर्घटनाको मुख्य कारण मानिने गरिएको छ ।


## भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

ब्यासी, भक्तपुर

भक्तपुर नगरपालिकाको आयोजनामा भक्तपुर नगरव्यापी दाफा प्रर्दशनी-२०८३ मा सहभागी टोलीहरूको देहायबमोजिम प्रदर्शनीको प्रस्तुतिक्रम रहेको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**मिति** : २०८३ जेठ १५ गते, शुक्रबार बिहान १०:०० बजेदेखि **प्रदर्शनी हुने स्थान** : नासमना, भनपा-३

| क्र.सं. | समूहको नाम | ठेगाना | सम्पर्क नम्बर |
|---|---|---|---|
| १. | पुलाँ स: सिलाचह्रे गुठी भजन खल: | भनपा-३, तेखाचो | ९८०३०२५३८८ |
| २. | श्री महाकाली दाफा भजन | भनपा-६, भोलाछैं | ९८४१८४९३५० |
| ३. | मको पुलाङ दाफा | भनपा-९, मको | ९८४१०४२६१० |
| ४. | घट्खा दाफा भजन | भनपा-३ | ९८४१९१५३०१ |
| ५ | डम्बरेश्वर भजन मण्डल | भनपा-७, गोमारी, याता | ९८४९१७२०४१ |
| ६. | दत्तात्रय दाफा भजन | भनपा-९, तचपाल | ९८४११३०६१० |
| ७. | सिद्धि गणेश दाफा भजन खल: | भनपा-७, चोर्चा | ९८५१२७६५५९ |
| ८. | लालाछैं दाफा भजन खल: | भनपा-६, लालाछैं | ९८४१५१४६२० |
| ९. | विश्वकर्मा दाफा भजन खल: | भनपा-९, तलातुछिं | ९८४१९१६४०० |
| १०. | श्री गलसी गणेश दाफा भजन खल: | भनपा-५, चासुखेल | ९८४१६३७०८३ |
| ११. | गोल्मढी शिवरात्री गुठी | भनपा-७, गोल्मढी | ९८४१०४००८५ |
| १२. | श्री महालक्ष्मी दाफा | भनपा-१०, थालाछैं | ९८४१०४२६३४ |
| १३. | श्री याछैं गणेश नौ बाजा दाफा भजन | भनपा-६, याछैं | ९८४१३६९४१६ |
| १४. | दुमरू दाफा भजन | भनपा-७, चोर्चा | ९८४३२७००२० |
| १५. | इताछैं दाफा भजन | भनपा-२, इताछैं | ९८४९८९४९७४ |
| १६. | लाछिचा दाफा भजन | भनपा-३ | ९८४१५४३६१८ |
| १७. | लाकोलाछे त्वाले दाफा भजन | भनपा-४, लाकोलाछैं | ९८२११११२४५ |
| १८. | त:ननी दाफा भजन | भनपा-४, बोलाछैं | ९८४१४३२९८९ |
| १९. | आकाश भैरव नौ बाजा ल्याम्ह पुच: | भनपा-५, टौमढी | ९८५१०२१२२० |
| २०. | बाराही पिठ ख्यो दाफा भजन | भनपा-३, बाराही पिठ | ९८४१९१२०३८ |
| २१. | श्री ब्रह्मायणी दबुचा दाफा भजन समाज नेपाल | भनपा-९, तौलाछैं | ९८५११३०९८० |
| २२. | श्री चण्डेश्वरी दाफा भजन | भनपा-५, चासुखेल | ९८५१०८५५७१ |
| २३. | श्री नवदुर्गा दाफा भजन | भनपा-७, इनाचो | ९८४१४७७०५६ |
| २४. | जैंला दाफा भजन | भनपा-८, जैंला | ९८६५४५६१६९ |
| २५. | श्री यातु गणेश नगांचा दाफा | भनपा-१०, नगांचा | ९८४१६३७६२३ |

**मिति** : २०८३ जेठ १६ गते शनिबार विहान ८:०० बजेदेखि

| क्र.सं. | समूहको नाम | ठेगाना | सम्पर्क नम्बर |
|---|---|---|---|
| २६. | बालाखु गणेश दाफा भजन | भनपा-२, सानो ब्यासी | ९८४१७२५१२१ |
| २७. | श्री कुति प्वाक गणेश दाफा तथा जात्रा व्यवस्थापन समिति | भनपा-१०, क्वाठण्डौ | ९८५११७१०३४ |
| २८. | चगुठी पुलाँ दाफा भजन | भनपा-३, तेखाचो | ९८०८८३२६५ |
| २९. | ब्रह्मायणी पिठ दाफा सूर्यमढी | भनपा-९, तौलाछैं | ९८६३०३९२८० |
| ३०. | मूलाखु दाफा भजन समूह | भनपा-४, मङ्गलाछैं | ९७६०७६९२६७ |
| ३१. | तेपुचो दाफा भजन | भनपा-१, तेपुचो | ९८४३१५८३०१ |
| ३२. | चोछैं दाफा भजन मण्डल | भनपा-६, चोछैं | ९८४१९९५४४७ |
| ३३. | दत्तात्रय नौ दाफा भजन | भनपा-९, तचपाल | ९८४११३०६१० |
| ३४. | आकाश भैरव नौ बाजा भजन गुठी | भनपा-५, टौमढी | ९८४१२४७७९३ |
| ३५. | खिछैं दाफा भजन | भनपा-५, खिछैं | ९८५१०९९१५२ |
| ३६. | लाकोलाछैं चपाल दाफा भजन | भनपा-४, लाकोलाछैं | ९८४१७५३६७६ |
| ३७. | सा: क्वलाँ दाफा भजन खल: | भनपा-९, सा: क्वलाँ | ९८४९४२७२०१ |
| ३८. | श्री नवदुर्गा खँचा दाफा भजन | भनपा- ७, खँचा | ९८४९१७७३१८ |
| ३९. | महेश्वरी दाफा भजन | भनपा-७, इनाचो, वाचुटोल | ९८१०१०२२३८ |
| ४०. | गणेश दाफा भजन | भनपा-१, भार्वाचो | ९८४१४३२१७३ |
| ४१. | कुथुछैं दाफा भजन | भनपा-४, बोलाछैं | ९८५१०५९६८९ |
| ४२. | वाकुपति नारायण नौ दाफा | भनपा-९, सूर्यमढी | ९८४१२५३५८६ |
| ४३. | इन्द्र सिद्धि गणेश दाफा भजन | भनपा-७ | ९८४११३३७३५ |
| ४४. | नास:दाफा | भनपा-९,तौलाछैं | ९८५१०४०९७८ |
| ४५. | रंजितकार (छिपा) दाफा भजन खल: | भनपा-७, पलिखेल | ९८४९८५१०५२ |
| ४६. | चिव दाफा भजन खल: | भनपा-९, सूर्यमढी | ९८१३१९४५२० |
| ४७. | ज्याथा गणेश दाफा भजन | भनपा-४, बोलाछैं | ९८६१२०१६७० |
| ४८. | तलेजु गणेश दाफा भजन | भनपा-३ | ९८४३०४३३६१ |
| ४९. | जय श्री नित्यनाथ दाफा भजन | भनपा-१०, क्वाठण्डौ | ९८४१६९३७२२ |

"आर्थिक समृद्धिका लागि बाराही सहकारी"

श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि.
Shree Barahi Saving & Credit Co-operative Society Ltd.
ACCESS BRONZE
भुलाँचा–४,भक्तपुर, फोन नं.०१-६६११३६४

# सवारी साधन लिलामसम्बन्धी सूचना

**दोस्रोपटक प्रकाशित मिति : २०८३।०२।१५ गते शुक्रबार**

यस संस्थाले हायर पर्चेज ऋणअन्तर्गत सदस्यलाई ऋण लगानी गरेको देहायबमोजिमको सवारी साधन संस्थाले कब्जामा लिई संस्थाको लेना सावाँ, ब्याज तथा हर्जना असुलउपर गरी लिन सहकारी ऐन २०७४ को दफा ७९ र सहकारी नियमावली २०७५ को नियम ३० तथा संस्थाको सवारी साधन लिलामी कार्यविधि २०८३ को दफा ५ अनुसार गोप्य शिलबन्दी बोलपत्रबाट सवारी साधन जहाँ जे जस्तो अवस्थामा छ सोही स्थानबाट लिलाम सकार गर्ने गरी लिलाम गरिने भएकोले इच्छुक सङ्घ, संस्था वा व्यक्तिहरूले कबुल गर्ने मूल्य अङ्क प्रस्ट उल्लेख गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालयमा पुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र आह्वान गरेको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**लिलाम हुने सवारी साधनको विवरण**

| | | |
|---|---|---|
| १. | **कम्पनी** | **महेन्द** |
| | बनेको साल | २०१६ |
| | सवारी दर्ता नं. | बा ४ ख ५५७४ |
| | सवारीको किसिम | मिनी टिपर |
| | न्यूनतम मूल्य | रु.६,३४,५२६/- |

**लिलामी मिति** : २०८३।०२।३१ गते, आइतबार

**समय** : बेलुका २:०० बजे

**स्थान** : संस्थाको कार्यालय, भुलाँचा-४,भक्तपुर

**राष्ट्रिय...**

यस्तो कार्य योजनावद्ध तरिकाले, पूर्वयोजनाबमोजिम वा योजनाबिना नै आकस्मिक भएको भए पनि जुनसुकै अवस्थामा आयोजकहरू मूख्य जिम्मेवार हुनुपर्छ । प्रदर्शन गर्न भनी अनुमति लिने आयोजकहरूले यस्तो परिस्थितिको जवाफदेहिता लिनुपर्ने हुन्छ । प्रदर्शन हिंसात्मक भई भएको धनजनको क्षतिको जवाफदेहिता र जिम्मेवारी आयोजकको पनि रहन्छ । अर्कोतर्फ शान्तिपूर्ण प्रदर्शनका लागि भनी जिल्ला प्रशासन कार्यालयबाट अनुमति लिएका 'हामी नेपाल' का सुधन गुरुङलगायतले किन माइतीघर मण्डलामा प्राथमिक उपचारको लागि टेन्ट, ३ वटा एम्बुलेन्स तथा स्वास्थ्य स्वयम्सेवकसमेतको व्यवस्था गरेको हो ? भन्नेतर्फ आयोजकले ठोस जवाफ दिन नसकेको अवस्था छ भने सुरक्षा निकायले पनि यस्तो परिस्थितिको सूक्ष्म विश्लेषण गरी सोहीअनुसारको तयारी गर्न नसकेको पाइन्छ ।

भदौ २३ गते बिहान १०:३० बजे अन्दाजी ३०००/३२०० जनाको सङ्ख्यामा प्रमुख जिल्ला अधिकारीले प्रदान गरेको अनुमतिको परिधिभित्र सुरू गरिएको र्‍याली केही समयभित्र नै सो परिधि र क्षेत्र नाघी बबरमहल, बिजुली बजार पुल हुँदै नयाँबानेश्वरस्थित एभरेस्ट होटल अगाडि आइपुगेको थियो । तत्पश्चात् प्रदर्शनकारीहरूको सङ्ख्या बढेर २०/२५ हजार भएको, सोही समयमा TOB लेखिएको कालो टिसर्ट लगाएका र हात तथा शरीरमा TOB ट्याटु खोपेका १५/२० जनाको बाइकर ग्रुपहरूले भिडलाई अगाडि बढ्न उत्तेजित बनाएको देखिन्छ ।

एभरेस्ट होटल अगाडि अन्दाजी २०/२५ हजार प्रदर्शनकारी जम्मा भइसकेपछि करिब १२ बजेको समयतिर 'हामी नेपाल' संस्थाका सुधन गुरुङले भिडको नेतृत्व गरेको देखिन्छ । गुरुङले नेतृत्व लिएपश्चात् आक्रोशित प्रदर्शनकारीहरूले सुरक्षा ब्यारिकेड तोडी निषेधित क्षेत्रमा प्रवेश गर्न खोजेपछि सुरक्षाकर्मीसँग मुठभेड, झडप भई प्रदर्शन हुलदङ्गामा परिणत भएको देखिन्छ । तत्पश्चात् मात्रै सुरक्षाकर्मीबाट अश्रुग्यास र पानीका फोहोरा प्रयोग गरेको पाइयो । अश्रुग्यासका कारण आक्रोशित भिडले BICC १. नं. गेट अगाडि ढुङ्गामुढा तथा एपीएफ वाटर क्यानन तोडफोड गरेर वाटर क्याननको छतमासमेत चढेको देखिन्छ । यो बेला सुरक्षा निकायलगायत जेनजी अगुवाहरूले आक्रोशित भिडलाई सम्झाइबुझाई गरी फर्कन र अवाञ्छित गतिविधि रोक्न आग्रह गरेको देखिन्छ ।

मध्याह्नतिर प्रमुख जिल्ला अधिकारीले बल प्रयोग गर्ने आदेश दिएको र कर्फ्यु आदेश जारी गरेको देखियो । शान्तिपूर्ण विरोध भनेका प्रदर्शनकारीहरू किन कसरी हिंसात्मक हुन पुगे ? भनी विश्लेषण गर्दा उक्त स्थानमा TOB लेखिएको कालो टिसर्ट लगाएका र हात तथा शरीरमा TOB ट्याटु खोपेका १५/२० जना बाइकर ग्रुपको भूमिका रहेको देखियो । विध्वंसात्मक कार्य गर्ने गराउने समूहले नवयुवा (जेनजी) को शान्तिपूर्ण विरोध प्रदर्शनलाई कब्जा गरी विद्यार्थीलाई ढाल बनाए । उनीहरूले सुरक्षाकर्मीहरूमाथि ढुङ्गामुढा गर्दै संसद् भवनमा आक्रमण र आगजनीसमेत गरी धनजनको क्षति पुर्‍याएको स्पष्ट हुन आयो । त्यस्तै एम्बुलेन्स र राष्ट्रिय मानव अधिकार आयोगको अनुगमन गर्न गएको सवारी साधनमा पनि तोडफोड तथा आगजनी गरी कर्मचारीहरूलाई कुटपिट र दुर्व्यवहारसमेत गरको पाइयो ।

## हार्दिक समवेदना



जन्म
२००६/०१/२०

स्वर्गारोहण
२०८३/०२/०९

श्री चण्डेश्वरी दाफा भजनका छैठौं नाइके आशाकाजी खाईजुकी जीवनसङ्गिनी एवम् श्री चण्डेश्वरी टोल सुधार समितिका सदस्य जितेन्द्र खाईजुकी ममतामयी माता **गुज्यश्वरी माया खाईजु**को दु:खद निधन भएको आज सातौं दिन (न्हेनुमा) को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

**श्री चण्डेश्वरी दाफा भजन**
**श्री चण्डेश्वरी टोल सुधार समिति**
टिबुक्छें, चासुखेल-५, भक्तपुर

## हार्दिक समवेदना



जन्म
२००६/०१/२०

स्वर्गारोहण
२०८३/०२/०९

यस खल:का सदस्यद्वय राधेश्याम खाईजु र रुकेश खाईजुकी ममतामयी हजुरआमा **गुज्यश्वरी माया खाईजु**को दु:खद स्वर्गारोहण भएको आज सातौं दिन (न्हेनुमा)को पुण्यतिथिमा दिवङ्गत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्न सक्ने शक्ति प्रदान गरून् भनी हार्दिक समवेदना प्रकट गर्दछ ।

**चण्डेश्वरी मचा खल:**
चासुखेल, भक्तपुर-५

## हार्दिक समवेदना



जन्म :२०१४/०१/१५
निधन :२०८३/०२/०४

यस संस्थाका सदस्यता नं ४२३८ का सदस्य **ज्ञानलक्ष्मी प्रजापति**को असामयिक निधन भएको आज १२ औं दिनको पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै यस दु:खद घडीमा शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्रदान गरून् भनी हार्दिक समवेदना व्यक्त गर्दछ ।

**भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि.**
च्याम्हासिंह, भ.न.पा.-९

## सिद्धि गणेश कर्नर

हरेक मङ्गलबार र शुक्रबार संस्थासम्बन्धी जानकारीका लागि पढ्ने गरौं ।

### अनिवार्य शिक्षा शिविरसम्बन्धी सूचना

यस उपसमितिको आयोजनामा देहायका मिति, समय र स्थानमा **अनिवार्य शिक्षा शिविर** सञ्चालन हुने व्यहोरा सम्बन्धित सम्पूर्णमा सूचित गराइन्छ ।

2083
**कार्यक्रम मिति**
**२०८३ जेठ १६ गते, शनिबार**
**बिहान ७:00 बजेदेखि**

**स्थान : सिद्धि गणेश तालिम हल, खँचा**

**शिक्षा उपसमिति**

### स्वास्थ्य शिविरसम्बन्धी सूचना

विश्व वातावरण दिवसको अवसरमा हुने **नि:शुल्क हाडजोर्नी तथा नसा रोगसम्बन्धी स्वास्थ्य शिविर र डेङ्गु रोगसम्बन्धी सचेतनामूलक कार्यक्रम**मा सहभागी हुन सम्पूर्ण सदस्यहरूलाई सूचित गराइन्छ ।

2083
**शिविर मिति**
**२०८३ जेठ २२ गते, शुक्रबार**
**बिहान ७:00 बजेदेखि**

**स्थान : यातु गणेश मन्दिर परिसर, कमलविनायक**

**प्राविधिक सहयोग : ख्वप अस्पताल**

**यातु गणेश सेवा केन्द्र व्यवस्थापन उपसमिति**

### मोटरसाइकल मर्मत तालिमसम्बन्धी सूचना

यस उपसमितिको आयोजनामा देहायका मिति, समय र स्थानमा हुने **पन्ध्रदिने मोटरसाइकल मर्मत तालिम**मा सहभागी हुन सम्पूर्ण सदस्यहरूलाई सूचित गराइन्छ ।

2083
**तालिम मिति**
**२०८३ जेठ १७ देखि ३१ गतेसम्म**
**साँझ ५ बजेदेखि ७ बजेसम्म**
**दर्ता शुल्क : रू. १०००।-**

**स्थान : सिद्धि गणेश तालिम हल, खँचा**

**(पुनश्चः तालिममा बढीमा २० जना मात्र सहभागी गराइने हुँदा पहिले आउनेलाई पहिलो प्राथमिकता दिइनेछ ।)**

**सेवाकेन्द्र व्यवस्थापन उपसमिति, तेखापुखु**

'सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश'

**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
ACCESS BRONZE
भ.न.पा.-७, चोर्चा, भक्तपुर, फोन: ६६१३२०१, ६६२१२०१, सेवा केन्द्र(यातुगणेश-६६१९५४०, तेखापुखु-६६२१२००), स्वास्थ्य क्लिनिक-६६२१२०५
Website : www.sgsaccos.com.np, E-mail : sgsaccos@hotmail.com

# हार्दिक समवेदना



जन्म
२००६/०१/२०

स्वर्गारोहण
२०८३/०२/०९

**गुज्यश्वरी माया खाईजु**

हाम्रा आत्मीय मित्र जितेन्द्र खाईजुकी ममतामयी माता **गुज्यश्वरी माया खाईजु**को दु:खद निधन भएको आज सातौं दिनको पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै यस दु:खद घडीमा शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्न सकून् भनी हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**साथीहरू**

| | | |
|---|---|---|
| विश्वराम माक | लक्ष्मीहरि ताम्राकार | नारायणकृष्ण माक |
| केशव फैजु | विकास दुवाल | मनोज माक |
| रविकृष्ण श्रेष्ठ | मञ्जय जोन्छे | सानुलाल त्वानाबासु |
| राजेन्द्र त्वानाबासु | चिनियालाल माक | गोपालकृष्ण ताम्राकार |
| प्रवास धौबन्जार | रमेश चिकंबन्जार | कुमार कोजु |
| केदार सुवाल | नरेश बासुकला | रमेश कवां |
| आसराम सिन्ताकल | अर्जुन चिकंबन्जार | भिमकृष्ण ताम्राकार |
| रामगोपाल लाखे | सुरेन्द्र माक | चन्द्रगोपाल माक |
| महादेव ताम्राकार | महेन्द्र अवाल | कृष्णप्रसाद तुल्सीबाख्यो |
| कृष्णप्रसाद माक | नरेश कायष्ठ | सत्यराम त्वानाबासु |
| गणेशकुमार मचामसी | मधुराज सैंजु | ईन्द्रभक्त नला |

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा